पूर्णाङ्क ९, चौमासिक

# प्राज्ञिक संसार

• ०७३ माघ/०७४ वैशाख

Academia
Music-Drama Bulletin

सङ्गीत-नाट्य बुलेटिन

www.namuda.org.np



# नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारबाट चार स्रष्टा पुरस्कृत

७ प्रदेशमै सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान सम्पन्न

## सम्पादकीय

# समृद्ध बनाऔं स्रष्टाहरूको उपचार कोष

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानबाट स्रष्टाहरूको उपचारका लागि कोष खडा गर्ने निर्णय केही समयअघि भएको थियो । सो निर्णयलाई १० औं प्राज्ञ सभाबाट पनि पारित गरिएको छ । यो आफैंमा सराहनीय कार्य हो ।

नेपालमा अहिले पनि नाट्यकर्मी, सङ्गीतकर्मी, नृत्यकर्मीलाई आफ्नो पेसाको कमाइले करोडपति बनाउने अवस्था छैन । सङ्गीत सृजनामा लाग्नु भएका स्रष्टाहरूले रोयल्टी पाउनु भएको छैन । उहाँहरूका गीत सङ्गीतहरू विभिन्न व्यावसायिक सभा समारोहमा, मनोरञ्जन प्रदान कार्यक्रममा बिनारोयल्टी बजाइन्छ । गीत सङ्गीतको बिक्री ठप्पसरह छ । त्यसैले केही समयदेखि गीत सङ्गीत सृजनाबाट आर्थिक आम्दानीको मुहान नै सुकेको देखिन्छ । यहाँ औंलामा गन्न सकिने सीमित सङ्गीतकर्मीहरूबाहेक हजारौं सङ्गीतकर्मीहरूको यो पेसाबाट आर्थिक कमाई उत्साहजनक छैन । नृत्य कलाकार, वाद्यवादक र नाट्यकर्मीहरूको आर्थिक कमाई पनि उच्च छैन । यो व्यवसाय नभएर सृजनामूलक पेसा हो । त्यसैले यसमा अन्य व्यापार र पेसा जस्तो आर्थिक मुनाफा छैन । सोही कारण सङ्गीत, नाट्य, नृत्य विधाका कलाकारहरू आर्थिक अभावका कारण गम्भीर बिरामी पर्दा उपचार गराउन नसक्ने अवस्थामा पुगेका थुप्रै घटना छन् ।

एक-एक रूपैयाँ जम्मा गर्दै जाने हो भने लाख व्यक्तिबाट लाख रूपैयाँ र करोड व्यक्तिबाट करोड रूपैयाँ संकलन हुन्छ । हो यसै गरी नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानबाट स्रष्टाहरूको उपचारका लागि कोष खडा गरी सो कोषमा प्रतिष्ठानका पदाधिकारी एवं कर्मचारीहरूका तर्फबाट केही रकम राखिएको छ । यो एउटा सुरूवात मात्र हो । यो कोषमा अक्षयकोषको रूपमा जति धेरै रूपैयाँ जम्मा गर्न सक्यो, त्यतिकै मात्रामा प्राप्त हुने ब्याज रकमबाट बिरामी स्रष्टालाई आर्थिक सहयोग गर्न सकिन्छ । सोही कारण यो कोषको वृद्धिका लागि सबैले पहल गर्नुपर्ने भएको छ । हुन त नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट स्रष्टाहरूको उपचारका लागि खडा गरिएको कोषका लागि आवश्यक रकम सहयोग गर्न सरकारसँग पहल गरिने भएको छ । सरकारले यो कोषमा रकम सहयोग गर्नेमा हामी विश्वस्त छौं ।

## विषय-सूची


| | |
|---|---|
| प्रदेश- १ को प्रादेशिक अनुसन्धान सम्पन्न | ७ |
| प्रदेश-२ को प्रादेशिक अनुसन्धान पूरा | ८ |
| प्रदेश ४ को सङ्गीत, नाट्य, नृत्यबारे छलफल | ११ |
| प्रदेश-६ को विविध संस्कृतिको अनुसन्धान | १३ |
| नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा समको चर्चा | १८ |
| चितवनमा क्याम्पसस्तरीय आधुनिक गायन प्रतियोगिता | २० |
| मध्यकाल र मल्लकालका नेवारी, मैथिली नाटकबारे बहस | २२ |
| बेसीसहरमा दुईदिने रोधी उत्सव | २४ |
| वीरेन्द्रनगरमा विविध भाषाका लोकगीत सम्मेलन | २६ |
| भोजपुरको नौलागाउँमा नाट्य प्रशिक्षण | २८ |
| १० औं प्रज्ञा सभा सम्पन्न | ३० |



# नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारबाट चार स्रष्टा पुरस्कृत

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा पुरस्कार-२०७३ बाट चारजना स्रष्टाहरूलाई पुरस्कृत गर्नुभएको छ । २१ वैशाख २०७४ मा राष्ट्रपति भण्डारीले शीतल निवासमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट पुरस्कार प्रदान गर्नुभएको हो ।

चार दशकभन्दा लामो समयदेखि सङ्गीत क्षेत्रमा निरन्तर योगदान पुऱ्याएको भन्दै सङ्गीततर्फको २०७३ को नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुस्कार गायक एवं सङ्गीतकार नारायणभक्त श्रेष्ठ (रायन) लाई प्रदान गरियो । उहाँलाई एक लाख रूपैयाँसहित ताम्रपत्रबाट सम्मानित गरिएको थियो । प्राज्ञ परिषद् सदस्य उन्नती बोहरा 'शीला' ले सो कार्यक्रममा पुरस्कृत स्रष्टा रायनलाई प्रदान गरिएको ताम्रपत्र वाचन गर्नुभएको थियो ।

यस्तै, नृत्य विधाको २०७३ को नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार नृत्यकार एवं नृत्य निर्देशक राधेश्याम प्रधानलाई प्रदान गरियो । नेपाली नृत्य क्षेत्रमा लामो समयदेखि निरन्तर योगदान दिनुभएको हुनाले एक लाख रूपैयाँसहितको सो पुरस्कार प्रदान गरिएको हो । निर्देशक प्रधानलाई प्रदान गरिएको ताम्रपत्र प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले वाचन गर्नुभएको थियो ।

लोक सङ्गीग-नाट्य विद्या तर्फको २०७३ को नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुस्कार लोकगायिका चन्द्रकला शाहलाई प्रदान गरियो । चार दशकदेखि लोक संगीतमा योगदान पुऱ्याउनु भएकाले एक लाख रूपैयाँ र ताम्रपत्रसहितको पुरस्कार उहाँलाई प्रदान गरिएको हो । प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले शाहको





ताम्रपत्र वाचन गर्नुभएको थियो ।

यस्तै, नाट्य विधातर्फको २०७३ सालको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार नाट्यकर्मी अशेष मल्ललाई प्रदान गरियो । उहाँले चार दशकभन्दा लामो समयदेखि निरन्तर नाटकमा योगदान दिनुभएकाले एक लाख रूपैयाँ र ताम्रपत्रसहितको पुरस्कार प्रदान गरिएको प्रतिष्ठानका तर्फबाट जानकारी गराइयो । पुरस्कृत नाट्यकर्मी मल्ललाई प्रदान गरिएको ताम्रपत्र प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले वाचन गरेर सुनाउनु भएको थियो ।

राष्ट्रपति भण्डारीले कार्यक्रमलाई सम्बोधन गर्नु हुँदै नेपाली कला साहित्य, सङ्गीत, नाटक राष्ट्रिय भावनाले ओतप्रोत भएको हुनुपर्छ, भन्नु भयो । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले सातओटै प्रदेशको कला, संस्कृति, नाट्य र सङ्गीतको बृहत अनुसन्धान गरेर अनुसन्धानमूलक ग्रन्थ प्रकाशन गर्न लागेकोमा सो कार्य सराहनीय भएको भन्दै प्रशंसा गर्नुभयो ।

प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले विश्वमा नेपालको मौलिक पहिचान यहाँको मौलिक सङ्गीत, नाच, संस्कृतिले गर्ने बताउँदै यसका लागि सांस्कृतिक नीति निर्माण गर्नुपर्नेमा जोड दिनुभयो । प्रतिष्ठानले स्थापनाकालदेखि सङ्गीत, नाट्य, नृत्यको विकास गर्दै आएको बताउँदै स्रष्टालाई प्रोत्साहित गर्न तीन वर्षअघिदेखि पुरस्कार



# सङ्गीतका अगुवा नारायणभक्त श्रेष्ठ

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार -२०७३ बाट पुरस्कृत रायन (नारायणभक्त श्रेष्ठ) को जन्म १९ भदौ २००० मा ओखलढुंगा-६ भैरवटोलमा भएको हो । बीएडसम्मको शिक्षा हासिल गर्नुभएका श्रेष्ठ स्कुले जीवनबाटै स्थानीय सांस्कृतिक कार्यक्रमहरूमा सहभागी हुने गर्नुभएको थियो । २०१९ सालमा रेडियो नेपालले आयोजना गरेको अखिल नेपाल राष्ट्रिय लोकगीत सम्मेलनमा रायनले सगरमाथा अञ्चलको प्रतिनिधित्व गर्दै भाग लिनुभएको थियो । त्यसपछि २०२० सालमा काठमाडौं आएर उहाँले रेडियो नेपालसँग सम्झौतामा गीत गाउन सुरू गर्नुभयो ।

२०२४ सालमा साहित्यकार पारिजातको गर्नुभएका रायनले सिम्मा गीतिसंग्रह भाग १ र २ नै स्रोतामाझ ल्याउनुभयो ।

२०४४ सालमा स्थापित इन्द्रेणी सांस्कृतिक समाज (इसास) को संस्थापक अध्यक्ष रायन नै हुनुभयो । गायक एवं सङ्गीतकार रायनका गीतिसङ्ग्रहहरू वेदना, सिम्मा, कहाली, जनगीतिमाला, इन्द्रेणी, जहाँबाट सुरू भयो, लिम्पियाधुरा स्रोतामाझ आइसकेका छन् । उहाँका कथाहरू टुकी, जितेन्द्र, गीति नाटक सिम्मा, कहाली, सम्झनाको दहमा बल्छी, अबिरल यात्रा प्रकाशित छन् ।

उहाँ राष्ट्रिय प्रतिभा पुरस्कार, साहित्य सन्ध्या पुरस्कार, शिक्षा पुरस्कार जस्ता विभिन्न सम्मान र पुरस्कारबाट पुरस्कृत हुनुहुन्छ । स्रष्टा



नेतृत्वमा साङ्गीतिक समूह 'राल्फा' गठन भएपछि उहाँ त्यो समूहमा संस्थापक सदस्य एवं गायक हुनुभयो । २०३० सालमा स्थापित वेदना सांस्कृतिक परिवारको अध्यक्ष बन्नु भएका रायन २०३५/०३६ सालतिर प्रगतिशील लेखक कलाकार संघको सदस्य हुनुभयो । २०३८ सालमा आफ्नै शब्द कथा तथा सङ्गीतमा गीति नाटक 'सिम्मा' प्रस्तुत

रायनले नेपाली सङ्गीत क्षेत्रमा पाँच दशकदेखि निरन्तर योगदान पुऱ्याउनु भएकाले उहाँको योगदानको कदरस्वरूप नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले एक लाख रूपैयाँ राशि र ताम्रपत्रसहितको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७३ बाट सम्मानित गरेको हो ।



प्रदान गर्दै आएको भनाइ उहाँले राख्नुभयो ।

प्रतिष्ठानका उपकुलपति शम्भूजीत बासकोटाले स्वागत मन्तव्य व्यक्त गर्नु हुँदै पुरस्कृत स्रष्टाबारे संक्षिप्त जानकारी गराउनुभयो । सरकारले यसमा प्रतिष्ठानलाई भवन निर्माण गर्न १५ रोपनी जग्गा दिए पनि सर्वोच्च अदालतमा रिट परेका कारण सो जग्गा रोकिएकाले आफूहरू भौतिक पूर्वाधारको अभावमा बस्नुपरेको उपकुलपति बासकोटाले गुनासो गर्नुभयो । प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानले सो कार्यक्रमको सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानकी कुलपति रागिनी उपाध्यायसहित अग्रज स्रष्टादेखि नयाँ पुस्ताका कलाकारहरूको उपस्थिति रहेको थियो ।

# नृत्यमा प्रभाकर राधेश्याम प्रधान

राधेश्याम प्रधानको जन्म १० वैशाख २००५ मा ओकुटोल-८, बनेपा काभ्रेमा भएको हो । उहाँले प्रयाग सङ्गीत समिति महाविद्यालय, इलाहावाड भारतबाट सङ्गीत (नृत्य) मा प्रभाकर डिग्री (बीम्युज) उत्तीर्ण गर्नुभएको छ ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको २०७३ को नृत्य विधाको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कारबाट उहाँ एक लाख रूपैयाँ र ताम्रपत्रसहित पुरस्कृत हुनु भएको छ । यसअघि २०२४ सालमा राष्ट्रिय नृत्य प्रतियोगितामा स्वर्णपदक पाउनुभएका प्रधानले २०४८ सालमा गोरखा दक्षिणबाहु पाँचौं, २०५० मा चित्तधर सिरपा पुरस्कार, २०५६ मा नेपाल सरकारबाट राष्ट्रिय प्रतिभा पुरस्कार, २०५६ मा नेपाल चलचित्र कलाकार संघबाट चलचित्र कलाकर्मी सम्मान र २०६१ मा गोरखा दक्षिणबाहु चौथो पाइसक्नुभएको छ ।



प्रधानले तीनपटक कुमारी व्याले, शिवताण्डव व्याले, अरनिको व्याले, चारूमती व्याले तथा मालती मंगले अपेरा निर्देशनसमेत गरिसक्नुभएको छ । २०२६ सालमा नेपाल प्रज्ञा प्रतिष्ठानमा नृत्य कलाकारको रूपमा सेवा सुरू गर्दै अन्त्यमा नृत्य निर्देशकसम्म भएर उहाँले सो प्रतिष्ठानबाट २०६४ सालमा अवकाश पाउनु भएको हो । उहाँले सांस्कृतिक संस्थानमा पनि नृत्य निर्देशक भएर शास्त्रीय, चर्या तथा लोक नृत्य प्रशिक्षण दिनुभयो । तत्कालीन राजदरबारका नृत्य प्रशिक्षक प्रधानले महेन्द्र पुलिस क्लबमा पनि नृत्य निर्देशन गर्नुभएको छ । प्रधानले डेनमार्कको कोपनहेगेनमा र जापानमा सम्पन्न छुट्टाछुट्टै वर्ल्ड चिल्ड्रेन फेस्टिबल अफ थिएटरमा नेपालबाट कुमारी व्याले प्रस्तुत गर्नुभयो ।

नृत्य निर्देशक राधेश्याम प्रधान नेपाल चलचित्र कलाकार संघ, नेपाल भारत सांस्कृतिक समन्वय परिषद्, नेपाल जापान मैत्री तथा सांस्कृतिक समाज, नेपाल थाइल्यान्ड मैत्री तथा सांस्कृतिक समाज, नेपाल अर्बुद रोग निवारण संघलगायत विभिन्न संघ-संस्थाहरूमा आबद्ध हुनुहुन्छ ।



# लोकभाकामा लोकप्रिय चन्द्रकला शाह



लोक सङ्गीत क्षेत्रमा स्थापित तथा लोकप्रिय गायिकाको रूपमा चन्द्रकला शाहले आफ्नो परिचय बनाउनुभएको छ । वरिष्ठ गायिका शाहको जन्म चैत रामनवमीको दिन २००६ सालमा गुर्जे सिस्नेरी-१ दाङ, राप्तीमा भएको हो ।

शाह लामो समयदेखि रेडियो नेपालमा कार्यरत हुनुहुन्छ । उहाँका चौतारी, काठमाडौं, जोवन कोपिला, जोवन ज्योति, तीज गीत भाग-१,२,३,४, पिरती, कर्णालीका लहर, धन्यबाला मायालु, झुम्केबुलाकी, देउसी भैलो कोसेली, भेरी कर्णाली सुसेली, पहुँरा, सोल्टिनीको रातो पछ्यौरी, मैसाप, भाले पोथी, गिट्टी कुटेर, नौ रङ्गे डाँफे, रोसी खोलासहित दर्जनौ गीतिसंग्रह स्रोतामाझ आइसकेको छ ।

उहाँले गीत, कविता, हाइकु जस्ता विभिन्न विधाका दर्जनौ पुस्तक पनि पाठकमाझ ल्याइसक्नु भएको छ ।

गायिका शाह २०४० मा रेडियो नेपालका लोकगीत प्रतियोगितामा सर्वोत्कृष्ट संकलक, २०५५ मा नेपाल सरकारबाट पश्चिमाञ्चल क्षेत्रीय प्रतिभा पुरस्कार, २०६१ मा गोरखा दक्षिणबाहु पाँचौं, २०६१ मै गोर्खा म्युजिक सम्मान, २०६९ मा सांस्कृतिक लोक सङ्गीत सम्मान, २०७१ मा न्युयोर्क कलामञ्चबाट लाइफटाइम एचिभमेन्ट अवार्डसहित दुई दर्जन पुरस्कार र सम्मानबाट सम्मानित भइसक्नु भएको छ । यस्तै, उहाँ यस वर्ष नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका तर्फबाट एक लाख रूपैयाँ र ताम्रपत्रसहित नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७३ बाट सम्मानित हुनुभएको छ ।

वरिष्ठ गायिका चन्द्रकला शाहका सयौं लोकभाका चर्चित छन् । उहाँका चर्चित गीतहरूमा छ भने माया छपक्कै लाइदेउ..., खर काटी खरौली..., धर्धरी बग्ने आँशुको धारा..., आऊ बसम थकाई मारम..., सलल पानी बबैको तिरैमा..., खाऊँ त भने काँकरी बतियो..., लाम पिरती मारीको तिरैमा..., नाँच माया थलिमा घुमेर..., भन मायाँ गौंथली हैनौं..., कालो टोपी कालै छ कोट...लगायत पर्दछन् । उहाँ नेपाल साङ्गीतिक संघको आजीवन सदस्य हुनुहुन्छ ।

# सडक नाटकका अभियान्ता अशेष मल्ल

वरिष्ठ नाट्यकर्मी अशेष मल्ल सडक नाटकका अभियान्ताका रूपमा परिचित हुनुहुन्छ । मल्लको जन्म पूर्वी नेपालको धनकुटामा २१ चैत २०११ मा भएको हो । नेपालीमा स्नातकोत्तर मल्ल सर्वनाम नाट्य समूह र सर्वनाम थिएटरका संस्थापक हुनुहुन्छ ।

मल्लले २०३० को दशकदेखि हालसम्म पाँच सयभन्दा बढी नाटक लेखन, अभिनय र निर्देशन गरिसक्नुभएको छ । पाकिस्तान, बंगलादेश, हङकङ र भारतको अन्तर्राष्ट्रिय नाट्य महोत्सवमा आफ्नो नाटक मञ्चन गरिसक्नुभएका उहाँले बैंकक फिलिपिन्स, जर्मनीलगायत दुई दर्जनभन्दा बढी देशमा नाट्य कार्यशाला तथा नाटक मञ्चनमा सहभागिता जनाइसक्नुभएको छ ।

वरिष्ठ कलाकार मल्ल साहित्य क्षेत्रमा पनि त्यतिकै स्थापित हुनुहुन्छ । उहाँका बालकथा संग्रह पानी जंगल र



गाउँ, सानी र रानी, जंगलमा एक दिन, कवितासंग्रह अज्ञात प्रदेशहरूमा, निरन्तर, एक्लो एकान्त, कथासंग्रह अर्धविराम, नाटक पूस्तक तुवाँलोले ढाकेको बस्ती, सडकदेखि सडकसम्म, अनादिक्रम, द ब्ल्याक स्काइ, शकुनी बासाहरू प्रकाशित छन् ।

नेपाल प्रज्ञा प्रतिष्ठानका आजीवन सदस्य मल्ल, नेपाल टेलिभिजन र रेडियो नेपालमा कार्यकारिणी सदस्य बनिसक्नुभएको छ । टेलिचलचित्र र चलचित्र लेखक मल्ल पद्मकन्या बहुमुखी क्याम्पस काठमाडौंका सहप्राध्यापक हुनुहुन्छ ।

यस्तै, वरिष्ठ नाट्यकर्मी अशेष मल्ल नेपाल प्रज्ञा प्रतिष्ठानको नाटक महोत्सवमा सर्वश्रेष्ठ अभिनेता, नाटककार, निर्देशक, जि.ए.ए.बाट पनि सर्वोत्कृष्ट नाटककार र नाटक निर्देशकका रूपमा पुरस्कृत हुनुहुन्छ ।

बालकृष्ण सम नाट्य पुरस्कार, साझा पुरस्कार, मोती पुरस्कार, मुस्याचु पुरस्कार, गोपीनाथ अर्याल पुरस्कार, बसुन्धरा मान पुरस्कारसहित विभिन्न पुरस्कार र दर्जनौ सम्मानबाट मल्ल सम्मानित हुनुहुन्छ । नाटक क्षेत्रमा उहाँले पुऱ्याउनु भएको योगदानको सम्मानस्वरूप यसपटक प्रतिष्ठानबाट एक लाख रूपैयाँ र ताम्रपत्रसहितको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७३ बाट सम्मानित गरिएको छ ।




# प्रदेश- १ को प्रादेशिक अनुसन्धान सम्पन्न

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सञ्चालित, सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजना अन्तर्गत प्रदेश १ को अनुसन्धान कार्य सम्पन्न भएको छ ।

यस प्रतिष्ठानको नृत्य विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य माधव प्रधानको संयोजकत्वमा सो अनुसन्धान सम्पन्न भएको हो । यो अनुसन्धान गत माघे संक्रान्ति २०७३ बाट सुरू भएर गत वैशाख मसान्त २०७४ मा सम्पन्न भएको पनि प्राज्ञ परिषद् सदस्य प्रधानले जानकारी गराउनुभयो । यो अनुसन्धानको विज्ञ डा. कुलराज निरौलाले अनुसन्धानपछि ग्रन्थ लेखनको कार्य सुरू गर्नुभएको छ ।

यस परियोजना अन्तर्गत ताप्लेजुङ, पाँचथर, इलाम, झापा, तेह्रथुम, धनकुटा, भोजपुर, सुनसरी, मोरङ, संखुवासभा, उदयपुर, ओखलढुंगा, खोटाङ, सोलखुम्बु जिल्लाहरूमा अनुसन्धान कार्य सम्पन्न भइसकेको छ ।

अनुसन्धानको क्रममा यी जिल्लाहरूका गायक, सङ्गीतकार, नृत्य कलाकार, नाटक निर्देशक, नाटक लेखक, गीतकार, गाथा संकलक, वाद्यवादक, संस्कृतिविद् बीच अन्तरक्रिया आयोजना गर्दै सम्बन्धित सूचना संकलन गरिएको परियोजना संयोजक एवं यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानले बताउनुभयो । यस्तै, यी १४ ओटै जिल्लाका जिल्ला प्रशासन कार्यालयमा दर्ता भएका सांस्कृतिक तथा साङ्गीतिक संस्थाहरूको अभिलेख संकलनसमेत गरिएको पनि प्राज्ञ परिषद् सदस्य प्रधानले जानकारी गराउनुभयो ।

यस्तै, रेडियो नेपालबाट गीत रेकर्ड गराएका, विभिन्न गीतिसंग्रह निकाल्नुभएका, विभिन्न उत्सव तथा अन्तर्राष्ट्रिय कार्यक्रममा गीत प्रस्तुत गर्नुभएका, नाटक, गीति नाटक लेखेर प्रकाशन एवं मञ्चन गर्नुभएका तथा गीति पुस्तक प्रकाशन गर्नुभएका स्रष्टाहरूसँग भेटेर सूचना संग्रह गरियो ।

सो अनुसन्धान टोलीमा प्रदेश-१ का परियोजना संयोजक एवं यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य प्रधानसँगै प्राज्ञ सभा सदस्य अशोक राई, प्राज्ञ सानु पहाडी, प्राज्ञ राम धामी, परियोजना लेखक डा. कुलराज निरौला, प्रतिष्ठानका कर्मचारी हिलारी बन्धु भुजेल संलग्न हुनुहुन्थ्यो ।

सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजना अन्तर्गत प्रदेश-१ को अनुसन्धान ग्रन्थ करिब ५ सय ५० पृष्ठको तयारी गरी प्रकाशित हुने र यो ग्रन्थभित्र पाँचओटा परिच्छेद रहने पनि प्रदेश-१ का परियोजना संयोजक एवं प्राज्ञ परिषद् सदस्य प्रधानले जानकारी गराउनुभयो ।







# प्रदेश-२ को प्रादेशिक अनुसन्धान पूरा



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सञ्चालित सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रदेश-२ को प्रादेशिक अनुसन्धान परियोजना सम्पन्न भएको छ । २०७३ माघबाट सुरू भएको अनुसन्धान कार्य २०७४ वैशाखमा सम्पन्न भएको हो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नाटक विभागका प्रमुख एवं सङ्गीत, नाटक र नृत्य सम्बन्धि प्रादेशिक अनुसन्धान परियोजना प्रदेश-२ का संयोजक प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले सो प्रदेशको सम्पूर्ण अनुसन्धान कार्यको सम्पन्न भएको जानकारी दिनुभयो ।

संयोजक झाका अनुसार प्रदेश-२ को अनुसन्धानको अनुसन्धानकर्ता तथा विज्ञ रोशन जनकपुरी हुनुहुन्छ । लेखक जनकपुरीले अनुसन्धानपछि अनुसन्धान ग्रन्थ लेखन कार्य सुरू गर्नुभएको झाले जानकारी गराउनु भयो ।

यस परियोजनाका लागि प्रदेश-२ का आठओटै जिल्लामा अनुसन्धान सम्पन्न गरिएको छ । लेखक रोशन जनकपुरीसहित आफूले सप्तरीको राजविराज र कल्याणपुरमा विविध अन्तरक्रिया कार्यक्रम आयोजना गरेको प्राज्ञ झाले बताउनुभयो । त्यहाँका थारू र दनुवार समुदायका धेरै नयाँ संस्कृतिहरूको बारेमा पनि सूचना प्राप्त भएको उहाँले जानकारी दिनुभयो ।

यस्तै, सिरहाको लहान, धनुषाको जनकपुर, पखाहा र नक्टाझिजमा अन्तरक्रिया आयोजना गरेर त्यहाँको सङ्गीत, नाटक, नृत्य तथा विभिन्न चाडपर्व, लोक संस्कृतिको जानकारी लिएको प्राज्ञ झाले बताउनु भयो । जिल्ला सदरमुकामसँगै त्यहाँका ग्रामीण क्षेत्रमा पुगेर कार्यक्रम आयोजना गर्दा विभिन्न मिथिला संस्कृतिको बारेमा आफूहरूलाई अझ बढी जानकारी प्राप्त भएको पनि प्राज्ञ झाले प्रकाश पार्नुभयो ।

महोत्तरीको जलेश्वर र रामगोपालपुरमा सम्पन्न अन्तरक्रियाबाट त्यस क्षेत्रका लोक संगीत तथा संस्कृति र बर्दिबासमा गरिएको अन्तरक्रियाले चुरेभावर क्षेत्रको मिश्रित लोक संगीत तथा स्थानीय

विविध नाच र नाटकबारे जानकारी प्राप्त भएको पनि प्राज्ञ झाले बताउनुभयो । यस्तै, सर्लाहीको मलंगवामा आयोजित अन्तरक्रियाबाट मिथिलासँगै थारू लोक संगीत, नृत्य/नाच, नाटक र हरिवनमा आयोजित अन्तरक्रियाबाट चुरेभावर क्षेत्रका विभिन्न जातजातिको भाषा, धर्म, संस्कृति, लोक गीत, नृत्य, नाटकका बारेमा बुझ्ने अवसर मिलेको उहाँले जानकारी गराउनु भयो ।

रौतहटका गौर र गरूडामा पनि त्यहाँका कलाकार, संस्कृतिविद्, भाषाविद्, बुद्धिजीवी, शिक्षकलगायत विभिन्न पेसाका व्यक्तिहरूसँग अन्तरक्रिया आयोजना गर्दा त्यहाँ बोलिने भोजपुरी भाषासँगै त्यस क्षेत्रको विविध सांस्कृतिक सूचना संकलन गर्न सकिएको पनि प्राज्ञ झाले बताउनु भयो ।

अनुसन्धानको क्रममा बाराको कलैया र सिम्रौनगढमा संस्कृतिविद् गोपाल ठाकुर, यस प्रतिष्ठानका प्राज्ञ सभा सदस्य बृजकिशोर सहनीसहित स्थानीय कलाकार, बुद्धिजीवी, भाषा विज्ञ, नाट्यकर्मी, वाद्यवादक, संस्कृतिविद्को सहभागितामा अन्तरक्रिया आयोजना गरियो । सो अन्तरक्रियामा विज्ञहरूले त्यहाँ बोलिने भोजपुरीलगायत उत्तरी क्षेत्रको विभिन्न जातजाति भाषाभाषीको धर्म, संस्कृति, त्यहाँको लोक सङ्गीत, नाच, वाद्यवादन, नृत्य, गायन, नाटकका बारेमा सुसुचित गराउनुभएको प्राज्ञ झाले जानकारी दिनुभयो ।

यस्तै, पर्साको वीरगन्जमा अन्तरक्रिया आयोजनपछि यी आठओटै जिल्लाको लोक सङ्गीत, नृत्य तथा नाटकबारे अनुसन्धान सम्पन्न भएको पनि प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले बताउनुभयो । प्रदेश-२ को अनुसन्धान ग्रन्थ लेख्ने कार्य अन्तिम चरणमा पुगेकाले असारको अन्त्यसम्म यो ग्रन्थ प्रकाशन भइसक्ने उहाँको भनाइ छ । यो अनुसन्धानमूलक ग्रन्थ आएपछि प्रदेश-२ को थारू, दनुवार, मैथिली, भोजपुरी र विभिन्न भाषाभाषीहरूको विविध लोक सङ्गीत, नाटक र नृत्यसम्बन्धी जानकारी प्राप्त गर्न जोकोहीलाई पनि सजिलो हुने विश्वास प्राज्ञ परिषद् सदस्य झाले लिनुभएको छ ।



# प्रदेश-३ का लोकसंस्कृति, गायन, नृत्य, वाद्यवादनमाथि अन्तरक्रिया

काठमाडौं । प्रदेश-३ का लोक संस्कृति, लोक गायन, नृत्य, वाद्यवादन, नाटक सम्बन्धमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले वृहत् गोष्ठी आयोजना गरेको छ । १६ चैत २०७३ बिहानदेखि बेलुकासम्म सांस्कृतिक संस्थान, राष्ट्रिय नाचघरमा चलेको गोष्ठीमा विभिन्न जातजाति भाषाभाषीको प्रदर्शनकारी कलासम्बन्धी १६ ओटा कार्यपत्र प्रस्तुत भएका थिए ।

सातओटै प्रदेशको नृत्य, गायन, वाद्यवादन, नाटकसम्बन्धी अनुसन्धान गरेर प्रादेशिक संस्कृतिको नीति, कार्यक्रम तथा पुस्तक तयार गर्न अभियान सुरु गरिएको नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति शम्भूजीत वासकोटाले बताउनुभयो । गोष्ठीको उद्घाटन गर्दै उपकुलपति बास्कोटाले भन्नुभयो, ' हामीले पाँच महिनादेखि सातओटै प्रदेशको लोकनाच, नाटक, लोकगीत, सङ्गीत, वाद्यवादन, लोकसंस्कृतिबारे परियोजना नै तयार पारेर अध्ययन अनुसन्धान गरिरहेका छौं । सोही परियोजना अन्तर्गत प्रदेश-३ का विभिन्न जातिका लोक-संस्कृति, नाच, गीतसङ्गीत, नाटकबारे अध्ययन गरेर तयार पारिएका कार्यपत्रहरू प्रस्तुतिका लागि यो कार्यक्रम आयोजना गरिएको हो ।'

कार्यक्रमका अतिथि प्रा.डा. नवलकिशोर राईले प्रदेश-३ का विविध लोक संस्कृति र तिनका महत्वबारे प्रकाश पार्नुभयो । यस प्रतिष्ठानले सातओटै प्रदेशको लोकसंस्कृतिबारे अनुसन्धान परियोजना सञ्चालन गरेर प्रत्येक प्रदेशको फरक फरक पुस्तक प्रकाशन गर्न लागेकोमा राईले प्रशंसा गर्नुभयो ।

गोष्ठीमा प्रा.डा. सावित्री कक्षपतिले 'समकालीन नेपाली रङ्गमञ्चको स्थिति' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो । यस्तै, नाट्यकर्मी चन्द्र पाण्डेले 'काठमाडौं जिल्लाको प्रदर्शनकारी कला : स्थिति चुनौती र सम्भावना' विषयको कार्यपत्र प्रस्तुत गर्नुभयो । नाटकसम्बन्धी मल्ल र पाण्डे दुवैका कार्यपत्रमाथि प्रशस्त टिप्पणी भए । त्यहाँ प्राप्त टिप्पणी एवं सुझावलाई आफूहरूले कार्यपत्रमा समेटेर प्रतिष्ठानका तर्फबाट पुस्तक प्रकाशन गरिने कार्यपत्र प्रस्तोताहरूले बताउनुभयो ।



यस्तै अशोक थापाले 'ललितपुरको प्रदर्शनकारी कलाको स्थिति, चुनौती र सम्भावना' विषयको कार्यपत्र प्रस्तुत गर्दै ललितपुरका धेरै लोकनृत्य एवं नाचहरू लोप हुँदै गएको जानकारी गराउनुभयो । भक्तपुरका अगिब बनेपालीले 'भक्तपुर जिल्लाको जाति/समुदायको प्रदर्शनकारी कलाको स्थिति, चुनौती र सम्भावना' विषयको कार्यपत्र प्रस्तुत गर्दै भक्तपुरका नाच र नृत्यहरू लोप हुने अवस्थामा रहेको जानकारी दिनुभयो ।

यस्तै, राजलाल जोशीले 'नेवारी जातिको प्रदर्शनकारी कला', डा. नवलकिशोर राईले 'नेपाली प्रदर्शनकारी कला', डा. विष्णु राईले 'काठमाडौं उपत्यकाको गीत संगीत', तारा मानन्धरले 'काठमाडौं उपत्यकाको प्रदर्शनकारी कला' शीर्षकका कार्यपत्र प्रस्तुत गर्नुभयो । यस्तै, उत्तम काचितले 'सुनुवार जातिको प्रदर्शनी कला', भक्त जिरेलले 'जिरेल जातिको प्रदर्शनी कला' विषयको कार्यपत्र पनि सो कार्यक्रममा प्रस्तुत गर्नुभयो ।

सोही कार्यक्रममा धनबहादुर माझीले 'माझी जाति र माझीको प्रदर्शनकारी कला', बुद्ध योञ्जनले 'तामाङ जातिको प्रदर्शनकारी कला : स्थिति, सम्भावना र चुनौती', राजनराज जोशीले 'नेवार समुदायको प्रदर्शनकारी कला', उत्तमकुमार सुनुवारले 'सुनुवार समुदायको प्रचलित सङ्गीत, नृत्य, नाटक' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नुभयो । गोष्ठीका संयोजक एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पुस्करबहादुर गुरूङ्गले प्रदेश-३ का विभिन्न जातजाति, भाषाभाषीको लोक गायन, नृत्य, वाद्यवादन, नाट्यकला, लोक संस्कृतिबारे अनुसन्धान पूरा गरेर त्यसलाई कार्यपत्रका रूपमा तयार गरिएको बताउनुभयो । ती कार्यपत्रमाथि भएको छलफलका आधारमा अनुसन्धान ग्रन्थ प्रकाशन गरिने कुरा उहाँले जानकारी गराउनुभयो ।

प्रदेश-३ परियोजनाका मूलकर्ता अनुसन्धानका प्रमुख विज्ञ प्रमुख अमृत योञ्जनले अनुसन्धान विधि, अवधि, अनुसन्धान गरिएका जातजाति, भाषाभाषीबारे प्रकाश पार्नुभयो । यी कार्यपत्रहरूमाथि पुनर्लेखन गरेर तिनलाई पूर्णता प्रदान गरी अनुसन्धान ग्रन्थ प्रकाशन गरिने अनुसन्धान प्रमुख योञ्जनले जानकारी गराउनुभयो ।





# प्रदेश ४ को सङ्गीत, नाट्य, नृत्यबारे छलफल

पोखरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा १४ वैशाख २०७४ मा पोखरामा प्रदेश-४ को सङ्गीत, नाच, नाटक, बाद्यबादनबारे छलफल कार्यक्रम आयोजना गरिएको छ ।

प्रतिष्ठानबाट प्रकाशन गर्न लागिएको प्रदेश-४ को सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजनाअन्तर्गत प्रकाशन गर्न लागिएको अनुसन्धान ग्रन्थका सामग्रीबारे अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा विभिन्न वक्ताले प्रदेश-४ को संस्कृतिबारे आफ्ना भनाइ राखे । प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरुभक्त) ले सातओटै प्रदेशको लोकगीत, सङ्गीत, बाद्यबादन, नृत्य, नाच, नाटकलाई समेटेर हरेक प्रदेशको छुट्टाछुट्टै अनुसन्धानमूलक ग्रन्थ प्रकाशन गर्न लागिएको जानकारी गराउनुभयो । उहाँले विगत एक वर्षदेखि सबै प्रदेशको सांस्कृतिक अनुसन्धानको कार्य भइरहेको बताउनुभयो । यस्तो अनुसन्धान सम्पन्न गरेर बृहत् अनुसन्धान ग्रन्थको लेखन सम्पादन भइरहेको पनि उहाँले प्रकाश पार्नुभयो । कुलपति सरुभक्तले प्रदेश-४ को प्रादेशिक अनुसन्धान परियोजनाबाट तयार भएका यस्ता ग्रन्थले सम्बन्धित प्रदेशको सङ्गीत, नाटक, नाच, बाद्यबादनबारे अध्ययन गर्न चाहनेहरूका लागि उपयोगी हुनेछ, भन्नुभयो ।

कार्यक्रममा प्रतिष्ठानका उपकुलपति एवं सांस्कृतिक अनुसन्धान परियोजना प्रदेश ४ का संयोजक शम्भूजीत बासकोटाले प्रदेश ४ को अनुसन्धानबारे जानकारी गराउनुभयो । सो प्रदेशको परम्परागत देखि अहिलेसम्मका नृत्य, गायन, सङ्गीत, बाद्यबादन, नाटकको अनुसन्धान अन्तिम रूप लिएको उहाँले बताउनुभयो । सो अन्तरक्रियाका क्रममा प्राप्त भएका सुझावलाई पनि अब प्रकाशित हुने अनुसन्धान ग्रन्थमा समेट्ने प्रतिबद्धता पनि उपकुलपति बासकोटाले सो कार्यक्रममा जनाउनुभयो । पुस्तकको तयारी तिब्र गतिमा भईरहेको र आगामी असारको अन्त्यसम्म अनुसन्धान ग्रन्थ प्रकाशनमा ल्याउने लक्ष्य लिएको उहाँले बताउनुभयो ।

कार्यक्रममा गायिका हरिदेवी कोइरालाले दुलही रुने गीतबारे जानकारी गराउनुभयो । यो गीत लोपोन्मुख अवस्थामा पुगेकाले पुस्तकमा समेट्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रा.ज्योति भट्टचनले मुस्ताङ लोक संस्कृतिमा धनी छ भन्नुभयो । उहाँले मुस्ताङको बाह्र वर्षे मेलामा गाइने एवं प्रस्तुत गरिने गीत एवं नाचबारे जानकारी गराउनुभयो । बाह्र बर्षे मेलाको गीत र प्रस्तुति कलालाई पुस्तकमा समेट्नुपर्ने सुझाव उहाँले कार्यक्रममा दिनुभयो ।

प्रदेश ४ को परियोजना अनुसन्धानकर्ता डा.मोतीलाल पराजुलीले सम्बन्धित पुस्तकमा समेट्न लागिएको विषयवस्तुबारे जानकारी गराउनुभयो । पराजुलीले छलफलका क्रममा केही नयाँ लोक संस्कृतिबारे जानकारी प्राप्त भएकाले ती लोक संस्कृतिको बारेमा सम्बन्धित क्षेत्रमा गएर पुनः अनुसन्धान गर्नेछौं भन्नुभयो । उहाँले प्रदेश ४ को भूगोल, जनसंख्याको आधारमा गरिएको अनुसन्धानमा सबै समुदायका लोकसंस्कृतिलाई अब प्रकाशन हुने अनुसन्धान ग्रन्थमा समेट्ने बताउनुभयो । सो अनुसन्धान ग्रन्थ विभिन्न ९ खण्डमा प्रकाशित हुने उहाँले जानकारी गराउनुभयो ।

# प्रदेश-५ को प्रादेशिक अनुसन्धान समापन



काठमाडौं । अनुसन्धानमूलक ग्रन्थ प्रकाशनका लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सञ्चालित, सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजनाअन्तर्गत प्रदेश–५ को अनुसन्धान कार्य पूरा भएको छ ।

यस प्रतिष्ठानको आधुनिक सङ्गीत विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य उन्नती बोहरा 'शीला' को संयोजकत्वमा सो अनुसन्धान सम्पन्न भएको हो । यो अनुसन्धान गत १५ फागुन २०७३ बाट सुरू भएको थियो । २०७४ वैशाख अन्त्यसम्म सबै ठाउँको अनुसन्धान पूरा भएको जानकारी प्राज्ञ परिषद् सदस्य बोहराले गराउनुभयो । यो अनुसन्धान ग्रन्थका मुख्य विज्ञ अनुसन्धानकर्ता प्रा.डा. राजाराम सुवेदीले अनुसन्धानपछि ग्रन्थ लेखनको कार्य सुरू गरिसक्नुभएको छ ।

सो अनुसन्धान गत १५ फागुन २०७३ बाट बाँकेको नेपालगञ्जदेखि सुरू भएको हो । डा.राजकुमार सुवेदीको संयोजकत्वमा नेपालगञ्जमा सम्पन्न सो अन्तरक्रियामा थारू लोक संस्कृति, इस्लाम संस्कृति, मगर संस्कृति, देउडा, लोक भजन जस्ता विविध विधामा छलफल गरिएको थियो । डा. सुवेदीले बाँकेका लोक सङ्गीत, नृत्य, नाटकबारे जानकारी गराउनुभयो । प्रदेश–५ का अनुसन्धान ग्रन्थका मुख्य विज्ञ अनुसन्धानकर्ता लेखक राजाराम सुवेदीले सो कार्यक्रममा परियोजना सञ्चालन गर्नुको कारणबारे प्रकाश पार्नुभयो ।

यस्तै, प्रदेश–५ अन्तर्गत बर्दियाको गुलरियामा १६ फागुनमा अन्तरक्रिया आयोजना गरियो । सो कार्यक्रमका अध्यक्ष एवं अनुसन्धान ग्रन्थका मुख्य लेखक सुवेदीले परियोजनाबारे कार्यक्रममा जानकारी गराउनुभयो । बर्दियाको थारू संस्कृतिसहित त्यहाँका बर्दियाका थारू लोक सङ्गीत, अवधी सङ्गीत तथा विभिन्न नाट्य गतिविधि बारे अन्तरक्रियामा बहस भयो ।

त्यहाँका सङ्गीतकार, गायक, गायिका, बाद्यबादक, नाटककार, गीतकार, बुद्धिजीवीलगायतले बर्दियाको लोक सङ्गीतबारे कार्यक्रममा जानकारी दिनु भयो ।

यस्तै, दाङमा पनि अनुसन्धान ग्रन्थका मुख्य लेखक सुवेदीको अध्यक्षतामा १७ फागुन २०७३ मा अनुसन्धान ग्रन्थको सूचना संकलनका लागि अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । सो कार्यक्रमका वक्ताहरूले दाङमा बसोबास गर्ने थारू समुदायका विभिन्न लोक नाच र लोक गायनबारे जानकारी गराउनुभयो । दाङमा थारू लोक सङ्गीत, अवधी लोक सङ्गीत, मगर संस्कृति, गुरूङ संस्कृति, कुमाल संस्कृति, सराय नाच, रत्यौली नाच जस्ता विभिन्न लोकभाका एवं लोक नाच प्रचलनमा रहेको जानकारी गराइयो ।

गुल्मीको तम्घासमा प्रा.शशी पन्थीको प्रमुख आतिथ्यमा गत २० फागुन २०७३ मा प्रदेश–५ को सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजनाबारे अन्तरक्रिया सम्पन्न भयो । प्रदेश–५को अनुसन्धान ग्रन्थका मुख्य विज्ञ अनुसन्धानकर्ता लेखक प्रा.डा. राजाराम सुवेदीले कार्यक्रममा परियोजनाबारे चर्चा गर्नुभयो । गुल्मीको लोक संस्कृति, त्यहाँ मनाउने विभिन्न चाडपर्व, भाषा, त्यहाँ गाइने लोक सङ्गीतसहित त्यहाँ प्रचलित नृत्य, नाटकबारे कार्यक्रममा चर्चा गरियो ।

रूपन्देहीको बुटवलमा गत २१ फागुनमा स्थानीय बुद्धिजीवी प्रा.डा. शखीशरण सुवेदीको अध्यक्षतामा अन्तरक्रिया आयोजना गरियो । सो कार्यक्रममा प्रमुख अतिथि प्रा.डा. सुवेदीले लुम्बिनीको लोकबाजा, लोक सङ्गीत, लोक साहित्य, लुम्बिनी क्षेत्रको सांस्कृतिक अवस्थाबारे प्रकाश पार्नुभयो ।

गत ८ वैशाख २०७४ मा पाल्पाको तानसेनमा स्थानीय संस्कृतिकर्मी जीवनबहादुर थापाको अध्यक्षतामा विविध अन्तरक्रिया आयोजना गरियो । कार्यक्रममा शालिकराम पौडेलले पाल्पाको सङ्गीत लगायत विविध लोक संस्कृतिबारे चर्चा गर्नुभयो ।

नवलपरासी, रूपन्देही, रोल्पा, रूकुम, पाल्पा, अर्घाखाँची, प्युठान जस्ता जिल्लाहरूमा पनि सो ग्रन्थबारे छलफल गरिएको प्राज्ञ परिषद् सदस्य उन्नती बोहरा 'शीला' ले जानकारी गराउनुभयो । उहाँका अनुसार यस प्रदेशका विभिन्न लोक संस्कृतिलाई समेटेर प्रदेश–५को अनुसन्धानमूलक लोक, सङ्गीत, नृत्य, नाचलाई अनुसन्धान ग्रन्थ प्रकाशन गर्न लागिएको बताउनुभयो ।



# प्रदेश-६ को विविध संस्कृतिको अनुसन्धान

*काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, लोक सङ्गीत विभागद्वारा प्रदेश-६ का विभिन्न ९ ओटा जिल्लामा लोक सङ्गीत, लोक नृत्य, लोक वाद्यवादन, नाटक र लोक संस्कृतिबारे विविध अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गरिएको छ । सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजनाअन्तर्गत प्रदेश-६ मा अनुसन्धान ग्रन्थ तयारीका लागि सो अन्तरक्रिया आयोजना गरिएको हो ।*

*लोक सङ्गीत विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले अनुसन्धान कार्य सकेर प्रदेश-६ को ग्रन्थ तयारी अन्तिम चरणमा पुगेको जानकारी गराउनु भएको छ । उहाँका अनुसार सो अनुसन्धानका लागि प्रदेश-६ का सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रूकुम, कालिकोट, हुम्ला, जुम्ला र डोल्पा जिल्लामा अन्तरक्रिया तथा गोष्ठी आयोजना गरिएको हो ।*

## दैलेखको लोक सङ्गीतमाथि छलफल

गत ८ माघ २०७३ मा दैलेखमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, लोक सङ्गीत विभागले विविध छलफल आयोजना गऱ्यो । प्रदेश-६ को प्रादेशिक अनुसन्धान परियोजनाबारे जानकारी आदान-प्रदानका लागि सो छलफल आयोजना गरिएको थियो ।

प्रदेश-६ को प्रादेशिक अनुसन्धान परियोजनाका संयोजक एवं सो प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले प्रदेश-६ को लोक सङ्गीत, नृत्य, वाद्यवादन, नाटकलाई अनुसन्धान ग्रन्थमा लिपिबद्ध गर्न यो परियोजना सञ्चालन गरिएको हो, भन्नुभयो ।

कार्यक्रममा साहित्य उत्थान प्रतिष्ठान दैलेखका अध्यक्ष कृष्ण देवकोटाले सो जिल्लाको लोक साहित्य, सङ्गीत, लोकनाच, नाटकबारे चर्चा गर्नुभयो । देवकोटालगायत छलफलमा सहभागी वक्ताहरूले दैलेखको लोक संस्कृतिबारे जानकारी गराउँदै अनुसन्धान ग्रन्थमा यी कुरालाई समेट्न जोड दिनुभयो ।

दैलेखमा भैलो, देउसी, कर्खा, भसो र भसी, चैते, भैनी जस्ता लोकगीतहरू गाउने प्रचलन रहेको जानकारी गराइयो । छलफलका क्रममा दैलेखका भारत र धमारी नाटक, लाखे र पैयारू नाचको पनि चर्चा गरियो । त्यहाँ प्रचलित सोरठी, गर्रा, हुड्के, मारूनी, चम्पा (टाकटुके), धमारी, जोगी जात्रा, रोपाइँ जात्रा, झोडा नाच जस्ता नाचगानलाई पनि प्रादेशिक अनुसन्धान ग्रन्थमा समेट्नुपर्ने सुझाव स्थानीय बुद्धिजीवीद्वारा दिइयो ।

## सुर्खेतको लोकसङ्गीत, नाचबारे अन्तरक्रिया

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरको संयोजकत्वमा प्रदेश-६ को अनुसन्धान ग्रन्थका लागि गत १० माघ २०७३ मा सुर्खेतको वीरेन्द्रनगरमा सांस्कृतिक अन्तरक्रिया आयोजना गरियो ।

प्रदेश-६ विविध लोक संस्कृतिले धनी भएको जानकारी गराउँदै परिषद् सदस्य घर्तीमगरले यस प्रदेशको लोक संस्कृतिबारे अनुसन्धान ग्रन्थ निकाल्न अन्तरक्रिया आयोजना गरिएको हो भन्नुभयो । सो अन्तरक्रियामा सुर्खेतका कलाकारहरू कुलमान नेपाली, गणेश गौतम, दिनेश गौतमलगायतले त्यहाँको

लोकगीत, सङ्गीत, नाच, नाटक, प्रचलित जात्रा, चाडपर्वहरू बारे जानकारी गराउनु भयो ।

सुर्खेतमा सिंगारू, सोरठी, झ्याउरे, टप्पा जस्ता लोकगीत एवं लोक नृत्य, धमारी, देउडालगायत विभिन्न लोकभाका प्रचलनमा रहेको उहाँहरूले जानकारी गराउनुभयो । सुर्खेतमा प्रस्तुत गरिने नाटक सतिकलसाको धमारीलाई अनुसन्धान ग्रन्थमा समेट्न उहाँहरूले सुझाव दिनुभयो ।

## जाजरकोटमा लोकसङ्गीतबारे गोष्ठी

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सञ्चालित सङ्गीत तथा नाट्य र नृत्यको प्रादेशिक अनुसन्धान परियोजनाअन्तर्गत १२ माघ २०७३ मा जाजरकोटमा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो । प्रतिष्ठानको लोक सङ्गीत विभागद्वारा प्रदेश-६ को प्रादेशिक अनुसन्धान परियोजनाका लागि सो अन्तरक्रिया आयोजना गरिएको हो ।

प्रदेश-६ को प्रादेशिक अनुसन्धान परियोजनाको संयोजक एवं यस प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले सो परियोजनाबारे कार्यक्रममा जानकारी गराउनुभयो । अन्तरक्रिया कार्यक्रममा जाजरकोटको लोक नृत्य, लोक गायन, लोक नाटक, लोक संस्कृतिबारे संस्कृतिविज्ञ डम्बरबहादुर पुन, भद्रसिंह बुढामगर, राजेन्द्रविक्रम शाहलगायतले आफ्ना भनाइ राख्नुभयो ।

त्यस क्षेत्रको लोक सङ्गीत, लोक नृत्य, नाटकबारे सूचना संकलन गर्न राजेन्द्रविक्रम शाहको संयोजकत्वमा चन्द्रबहादुर बुढासहितको कार्यटोली निर्माण गरियो । जाजरकोटमा देउडा, ठाडी भाका, फाग, कर्खा (लोक आख्यान), मागल, मारुनी, उवाली, रिउफा, डब, भटौरी जस्ता थुप्रै लोकभाकाहरू गाउने गरिएको जानकारी सो अन्तरक्रियामा गराइयो ।

यस्तै सो जिल्लामा खाँडो, सिंगारू, मारुनी, देउडा, खुडा जस्ता नाचहरू नाचिने गरिएको पनि कार्यक्रममा बताइयो । त्यहाँ मनाइने चाडपर्व, मेला एवं जात्राहरूती जात्रामा प्रस्तुत हुने नाचगानलाई पनि प्रदेश-६ को अनुसन्धान ग्रन्थमा समेट्न सुझाव दिइयो ।

## कालिकोटको लोक संस्कृतिमाथि अन्तरक्रिया

प्रदेश-६ को सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजनाअन्तर्गत अनुसन्धान ग्रन्थ तयारीका लागि गत ५ चैत २०७३ मा कालिकोटको मान्ममा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, लोक सङ्गीत विभागद्वारा आयोजित सो अन्तरक्रियाको संयोजक लोक सङ्गीत विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगर हुनुहुन्थ्यो । कार्यक्रममा प्राज्ञ घर्तीमगरले सो परियोजनाबारे विस्तृत व्याख्या गर्नुभयो ।

कार्यक्रमका प्रमुख अतिथि कालिकोट जिल्ला प्रशासन कार्यालय प्रमुख गिरीधारी सुवेदीले कालिकोटको भौगोलिक, प्रशासनिक अवस्थाबारे बताउँदै अनुसन्धान कार्यको प्रशंसा गर्नुभयो । अन्तरक्रियामा साहित्यकार खगेन्द्र भट्टराईले कालिकोटको लोक साहित्यको अवस्थाबारे चर्चा गर्नुभएको थियो । यस्तै, गायक तथा साहित्यका नेत्रविक्रम शाहीले कालिकोटको लोकगीत, सङ्गीतबारे विस्तृत जानकारी गराउनुभयो ।

उहाँहरूका अनुसार कालिकोटमा हुड्केली, झोडा, धमारी, बालो, रोपाइँ नाच, धामी नाच, चाँचरी, बयाली जस्ता थुप्रै लोकनाच रहेका छन् । यी नाचहरूको उचित अनुसन्धानसहित अनुसन्धान ग्रन्थमा समेट्नुपर्ने सुझाव कार्यक्रममा दिइयो । यस्तै, कालिकोटमा प्रचलित भजन, मागल, चुटकिला, बालो, ठाडी भाका जस्ता विभिन्न लोकसङ्गीतलाई पनि अनुसन्धान ग्रन्थमा समेट्नुपर्ने बताइयो ।

## जुम्लाको लोकसंस्कृतिबारे छलफल

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, लोक सङ्गीत विभागद्वारा प्रदेश-६ को सङ्गीत अनुसन्धान परियोजनाका लागि गत ६ चैत २०७३ मा जुम्लामा छलफल कार्यक्रम आयोजना गरियो । छलफलमा प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले परियोजनाबारे प्रकाश पार्नुभयो ।

कार्यक्रमका संयोजक रमानन्द आचार्यले जुम्लाको बारेका संक्षिप्त परिचय दिनुभयो । सहभागीहरूले जुम्लाका लोक संस्कृति, लोक सङ्गीत, लोक नाचहरू तथा त्यहाँ प्रचलित नाटकबारे बताउनुभयो । सो छलफलद्वारा जुम्लाको लोक संस्कृतिबारे सूचना संकलन गर्ने जिम्मेवारी स्थानीय टंकप्रसाद देवकोटालाई दिइयो । विज्ञहरूका अनुसार जुम्लामा चम्पा, हुड्के, झोडा, चरण, चुट्किला, बालो, घ्याउटा, दमाहा, धामी जस्ता लोकनाचहरू प्रचलनमा छन् । यस्तै चुट्किला, घ्याउटा, मागल, बालो, चम्पा जस्ता लोकभाकाहरू गाउने गरिएको जानकारी गराइयो । जुम्लाका गाउँगाउँमा थुप्रै लोकभाका तथा लोकनाच लोपोन्मुख अवस्थामा रहेकाले त्यसबारे अनुसन्धान गरेर ग्रन्थमा समेटी यस्ता लोक संस्कतिको जगेर्ना गर्न सुझाव दिइयो ।

## सल्यानमा लोकसङ्गीतबारे गोष्ठी

प्रदेश-६ को अनुसन्धान ग्रन्थका लागि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानकी प्राज्ञ परिषद सदस्य पवित्रा घर्तीमगरको संयोजकत्वमा गत १० चैत २०७३ मा सल्यानको खलंगामा गोष्ठी आयोजना गरियो । सो प्रदेशमा रहेका लोकसङ्गीत, नृत्य, नाटकलाई लिपिवद्ध गर्न अनुसन्धान सुरु गरिएको परिषद् सदस्य एवं कार्यक्रम संयोजक घर्तीमगरले बताउनु भयो ।

जिल्ला समन्वय समिति सल्यानका योजना अधिकृत दलबहादुर बस्नेतले प्रमुख अतिथिका तर्फबाट सल्यानका भौगोलिक र सांस्कृतिक अवस्थाबारे जानकारी गराउनुभयो । कार्यक्रममा साहित्यकार भद्रसिँह बुढाले लोक साहित्य लोप हुन थालेको भन्दै राज्यले संरक्षणका लागि अभियान थाल्नुपर्ने बताउनुभयो । उहाँले सल्यानमा लोक साहित्य, लोकगीत, नाटक र नृत्यको संकलन विषयमा कार्यपत्र प्रस्तुत



गर्दै लोक साहित्यको क्षेत्रमा राम्रा प्रयास भए पनि अहिले लोप हुने अवस्था पुगेको छ, भन्नु भयो ।

लोकगीत, नृत्य र नाटकका विज्ञ प्राध्यापक डम्बरबहादुर पुनले असार अन्तिमसम्ममा आफूहरूले प्रदेश-६ को सबै ठाउँमा अनुसन्धान सकेर प्रादेशिक अनुसन्धान ग्रन्थ तयार गर्ने बताउनुभयो । साहित्यकार पूर्ण भण्डारी पंकज, लोकगायक डिल्ली गिरी, खलबहादुर घर्ती, कृष्णबहादुर बस्नेत, नेपाल पत्रकार महासंघ सल्यानका अध्यक्ष प्रतीक इच्छुक शर्मालगायतले सल्यानको लोक संस्कृतिबारे आफ्ना भनाइ राख्नुभयो ।

सल्यानमा वनगाडी गीत र नृत्य, रत्तौली, लुतो फाल्ने गीत, लाखे, स्वाङे, ढोट मारूली, सारे, मयुर, लाठी नाच, पञ्चेवाजा, झ्याङा गीत, डाला कठौरा, दोहोरी, ठाडीभाका, सालैजो, मालै लामसरी, झयाऊरे गीत, साइँली, पैजेरो, झमरा, मारिखोले, टुम्का गीत, टप्पा गीत, घँसिया गीतजस्ता दर्जनौ गीत र नाचहरू प्रचलनमा रहेको कार्यक्रममा जानकारी गराइयो । यी सबैलाई अनुसन्धान ग्रन्थमा समेटिनुपर्ने स्थानीयको सुझाव थियो ।

## रूकुमको लोकगीत सङ्गीतबारे कार्यपत्र

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, लोक सङ्गीत विभागद्वारा प्रदेश-६ को सांस्कृतिक अनुसन्धान परियोजनाका लागि गत ११ चैत २०७३ मा गोष्ठी आयोजना गरियो । प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य एवं प्रदेश-६ को अनुसन्धान परियोजना संयोजक पवित्रा घर्तीमगरले परियोजनाबारे कार्यक्रममा प्रकाश पार्नुभयो । रूकुमका क्याम्पस प्रमुख मीनबहादुर पुनले रूकुमको लोक संस्कृतिबारे जानकारी गराउनुभयो ।

गोष्ठीमा टेकबहादुर पाण्डे र कृपाराम पुनले रूकुमको लोकगीत, सङ्गीत, लोकनृत्य, लोक वाद्यसामग्री, नाटक, लोक साहित्यबारे संयुक्त कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । रूकुममा सिंगारू, टप्पा, साराङ्गे (मयुर), पैयारी, भूम्या (नाम्क, बलपूजा), लस्के जस्ता लोक नाचहरू प्रचलनमा रहेको उहाँहरूको भनाइ थियो ।

कार्यपत्र प्रस्तुतिका क्रममा रूकुममा ठाडी भाका, देउडा, न्याउली, लस्के, ढोलेनी, बिनौटौ भाकाहरू प्रयोगमा रहेको पनि उहाँहरूले बताउनुभयो । लोक नाटकको रूपमा रूकुममा भुम्या, सोरठी र न्याउली नाच हुने बताउँदै कार्यपत्र प्रस्तुतिका क्रममा उहाँहरूले यी नाटकलाई संरक्षण गर्नुपर्ने सुझाव दिनुभयो । अब प्रकाशन हुने ग्रन्थमा रूकुमका सबै लोक संस्कृतिलाई समेट्नुपर्ने उहाँहरूको भनाइ थियो ।



## हुम्लाको सिमीकोटमा साङ्गीतिक गोष्ठी

हुम्लाको सिमीकोटमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, लोक सङ्गीत विभागद्वारा गत १५ चैत २०७३ मा गोष्ठी कार्यक्रम आयोजना गरिएको छ । सो प्रतिष्ठानकी लोक सङ्गीत विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरको सभापतित्वमा प्रदेश-६ को सङ्गीत, नृत्य तथा नाट्यसम्बन्धी प्रदेशिक अनुसन्धान परियोजनाका लागि सो गोष्ठी गरिएको हो ।

कार्यक्रममा परियोजनाबारे प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य घर्तीमगरले विस्तृत जानकारी गराउनुभयो । सो गोष्ठीको संयोजक तथा मानसरोवर क्याम्पसका प्रमुख बसन्त रोकायले कार्यक्रममा हुम्लाको भौगोलिक र सामाजिक अवस्थाबारे प्रकाश पार्नुभयो ।

गोष्ठीमा हुम्लाको लोक सङ्गीत, लोकनृत्य, नाटकबारे मधु बस्नेतले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । बस्नेतका अनुसार हुम्ला सांस्कृतिक रूपमा धनी जिल्ला हो । हुम्लामा स्याब्रु, हुड्के, देउडा, धामी, चैतलो नाच प्रचलनमा रहेको छ ।

उहाँका अनुसार हुम्लामा ढाल तरवार नाटक र मागल, फाग, चुटकिला, चैतालो, देउडा, हुड्के जस्ता लोकभाकाहरू प्रचलित छन् । गोष्ठीमा सहभागीहरूले हुम्लाको लोकसंस्कृतिको पूर्ण अनुसन्धान गरेर प्रादेशिक अनुसन्धान ग्रन्थमा समेट्नुपर्ने सुझाव दिए ।

## डोल्पाको दुनैमा अन्तरक्रिया

गत १८ चैत २०७३ मा डोल्पाको ठूलो भेरी नगरपालिका दुनैमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, लोक सङ्गीत विभागद्वारा प्रदेश-६ को सङ्गीत, नृत्य तथा नाट्यसम्बन्धी प्रदेशिक अनुसन्धान परियोजनाका लागि अन्तरक्रिया आयोजना गरियो । कार्यक्रममा प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले परियोजनाबारे जानकारी गराउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि तथा डोल्पा जिल्ला प्रशासन कार्यालय प्रमुख केशवराज आचार्यले यस्तो परियोजनाबाट प्रकाशित ग्रन्थले सम्बन्धित प्रदेशको लोकसंस्कृतिबारे जानकारी पाउन सजिलो हुने विश्वास व्यक्त गर्नुभयो । सो अन्तरक्रियाको संयोजन गर्नुभएका विष्णुलाल बुढाले डोल्पाको लोकसंस्कृति र त्यसको अवस्थाबारे जानकारी गराउनुभयो । अन्तरक्रियामा सहभागीहरूले डोल्पाको भौगोलिक अवस्था, सामाजिक अवस्था, जातजाति, भाषा, भेषभूषा, लोकसंस्कृतिबारे प्रकाश पार्नुभएको थियो ।

डोल्पामा बिजुली, राइझुमा, चुट्किला, झ्याम्रे, पैयारू (ख्याली) जस्ता लोकनाच प्रचलनमा रहेको सो क्रममा जानकारी गराइयो । यस्तै, त्यहाँका सांस्कृतिक विज्ञहरूका अनुसार डोल्पामा चुट्किला, राइझुमा, टप्पा, ख्याली गीत जस्ता भाकाहरू गाइने भएकाले यस्त लोकभाका संरक्षण गर्न अन्तरक्रियामा सहभागीहरूले सुझाव दिए ।



# सम्पन्न भयो प्रदेश-७ को प्रादेशिक अनुसन्धान

*काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागद्वारा प्रादेशिक अनुसन्धान परियोजना ग्रन्थका लागि प्रदेश-७ को विभिन्न स्थानमा अन्तरक्रिया तथा गोष्ठी आयोजना गरिएको छ ।*

*सो गोष्ठीपछि सम्पूर्ण अनुसन्धानको कार्य सम्पन्न गरेर अनुसन्धान ग्रन्थ लेखनको कार्य अन्तिम चरणमा पुगेको प्रदेश-७ अनुसन्धान संयोजक एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभाग प्रमुख तथा प्राज्ञ परिषद सदस्य उदय श्रेष्ठले जानकारी गराउनु भएको छ ।*

*सो अनुसन्धानका क्रममा अनुसन्धानकर्ता डा. पुष्करराज भट्टराई र यस प्रतिष्ठानका कर्मचारी सावित्रा बन्जाडे साथमा हुनुहुन्थ्यो । अनुसन्धानका क्रममा सो प्रदेशमा एक सय २५ जाति र एक सय २३ भाषाभाषी रहेको देखिएको छ । प्रदेश-७ को विभिन्न स्थानमा गरिएको गोष्ठी तथा अन्तरक्रिया यसप्रकार रहेको छ ।*

## डोटीको सिलगढीमा सांस्कृतिक अन्तरक्रिया

प्रदेश-७ को लोक संस्कृति अनुसन्धानअन्तर्गत गत ५ चैत २०७३ मा डोटीको सिलगढीमा अन्तरक्रिया आयोजना गरियो । प्रदेश-७ प्रादेशिक अनुसन्धान परियोजनाका संयोजक एवं प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा सम्पन्न सो गोष्ठीमा डोटीका लोक संस्कृतिबारे अन्तरक्रिया भयो । डा.प्रेम कुँवरले कार्यक्रममा बोल्दै प्रदेश-७ को संक्षिप्त इतिहाससहित केही जिल्लाका साहित्य, लोकसङ्गीत, लोकनाच र संस्कृतिबारे जानकारी गराउनु भयो ।

डा.बद्रीप्रसाद बिडारीले डोटीमा देउडा गीत र नाच, हुड्केली नाच, भुओ नाच, पैंसट्ठी धाईं तथा विभिन्न लोकबाजा प्रचलनमा रहेको बताउनुभयो । यस्तै, धनबहादुर मल्लले डोटीमा नाटकको अवस्था र मञ्चनबारे जानकारी गराउनु भयो ।

स्थानीय हिक्मत घले, रविन प्रधान श्रेष्ठ र दीर्घ खत्रीले पनि डोटीको लोक कला, मुख्य चाडपर्व, लोकसङ्गीत, विभिन्न वीरगाथाका बारेमा जानकारी गराउनु भएको थियो । उहाँले डोटेली भाषा संस्कृतिले डोटी क्षेत्र धनी भएको बताउनु भयो ।

डोटीमा कृष्ण चरित्र, रामलिला, डोटीका वीरगाथाहरू जस्ता नाच एवं नाटक प्रचलनमा रहेको जानकारी गराइयो । यहाँ सहनाई, हुड्के, दमाहा, नरसिंहा, ढोलक जस्ता बाजाहरू बढी प्रचलनमा रहेको पनि जनाइयो ।

## अछामको लोकसङ्गीतबारे छलफल

अछाम । प्रदेश-७ प्रादेशिक अनुसन्धान परियोजना ग्रन्थका बारे गत ६ चैत २०७३ मा अछामको मंगलसेन बजारमा अन्तरक्रिया कार्यक्रम आयोजना गरियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा प्रदेश-७ प्रादेशिक अनुसन्धान परियोजनाअन्तर्गत सञ्चालित सो कार्यक्रमको संयोजन यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा श्रेष्ठले परियोजनाबारे प्रकाश पार्नुभयो ।

छलफलमा डा. प्रेम कुँवरले प्रदेश-७ को लोक संस्कृतिबारे जानकारी गराउनुभयो । सो छलफल कार्यक्रममा गोविन्दबहादुर बिष्टले अछामको कलासंस्कृतिबारे बोल्नुभयो । उहाँले अछाममा मनाइने बिशु पर्व, गौरा पर्व, दसैं, तिहार र यी पर्वमा नाचिने धमारी, चाँचरी, पुतला जस्ता नाचबारे पनि प्रकाश पार्नुभयो ।

यस्तै, नरेन्द्र रावलले त्यहाँका लोकभाकाबारे जानकारी गराउनुभयो । रावलका अनुसार अछाम क्षेत्रमा ठाडी भाका, देउडा, न्याउली गीत, बिरही गीत, हुड्के



नाच, भुओ नाच प्रचलनमा छन् । अछामका लोकगायक नरेन्द्रराज जोशी, नन्दकिशोर जोशी, यज्ञ उपाध्याय, नरबहादुर भण्डारी, टेकराज अवस्थी, परिमल स्नेही, राजाराम भाटलगायतले देउडा गीत गाएर यसको विकासमा योगदान पुऱ्याएको चर्चा छलफलका क्रममा गरियो ।

## बैतडीमा लोक अनुसन्धानबारे अन्तरक्रिया

बैतडी । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले प्रदेश–७ प्रादेशिक अनुसन्धान परियोजनाका लागि गत ७ चैत २०७३ मा बैतडीको शाहीलेखमा अन्तरक्रिया कार्यक्रम आयोजना गर्नु भयो ।

सो कार्यक्रममा बैतडीको लोक संस्कृति, त्यहाँका लोक गीत सङ्गीत, चाड पर्व, लोकनाच बारे त्यहाँका संस्कृतिकर्मीहरूले जानकारी गराउनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको परम्परागत तथा शास्त्रीय सङ्गीत विभागद्वारा प्रादेशिक अनुसन्धान परियोजना ग्रन्थका लागि सो गोष्ठी आयोजना गरिएको थियो। गोष्ठीको उद्देश्यबारे कार्यक्रम संयोजक एवं यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले प्रकाश पार्नुभयो ।

यस्तै, दार्चुला साहित्य समाजका अध्यक्ष विष्णुदत्त जोशीले दार्चुलाको साहित्यबारे जानकारी गराउनुभएको थियो । कार्यक्रममा दार्चुला कला साहित्य समाजका अध्यक्ष दीपक खातीले दार्चुलाको कलाबारे प्रकाश पार्नुभयो । स्थानीय राजेन्द्र धामी, प्रेमसिंह बोहरा, घमक सिंह, माधव जोशी, पदम बुढालगायतले कार्यक्रममा बोल्दै सो क्षेत्रका कला साहित्य, गीत, सङ्गीतबारे चर्चा गर्नुभयो । दार्चुलामा पनि देउडा र सगुनगीत विशेष प्रचलनमा छ ।



कार्यक्रममा बैतडीका माधव विष्ट, चन्द्रमोहन तिवारी, बुद्धिबल्लभ धानुक, लोक साउद, गोकर्ण दयाल, नरेन्द्र विष्टलगायतले त्यहाँको लोक संस्कृतिबारे बोल्नुभयो ।

बैतडीमा हुड्केली, छलिया, फागु, गौरा जस्ता नाचहरू प्रचलित रहेको जानकारी गराइयो । हुड्के, बाँसुरी, बिनयीलगायतको लोकबाजा यहाँ प्रचलनमा रहेको जनाइयो । बैतडीमा विवाह र व्रतबन्धमा गाइने गीतहरू अन्यत्रको भन्दा फरक रहेको सहभागीहरूले बताउनुभयो । उहाँहरूका अनुसार बैतडीमा सगुन, वीरगाथा, ठाडो भाका, देउडा, गौरा, भुओ, भनौ हाल्ने जस्ता लोकभाका प्रचलित छन् । बैतडीमा ठुमरी, दोह, रागिनी, चौपाया जस्ता राग गीत पनि गाइन्छ ।

## दार्चुलामा लोक अनुसन्धान गोष्ठी

दार्चुला । गत ८ चैत २०७३ मा दार्चुला बजारको दार्चुला बहुमुखी क्याम्पसमा प्रदेश–७ अन्तर्गत दार्चुलाको लोक संस्कृतिबारे गोष्ठी आयोजना गरियो ।

त्यहाँ लोकबाजाका रूपमा ढोलक, ट्यामकुली, सहनाई, दमाहा, पैंसठ्ठी धाँई प्रचलित रहेको जानकारी दिइयो ।

डोटेली भाषा बोलिने दार्चुलामा मार्मा नाच, चाही नाच, भल्देश नाच, छलिया नाच, सरैया नाच, हुड्के नाच नाच्ने गरिएको पनि कार्यक्रममा बताइयो । दार्चुलाका लोपोन्मुख जाति व्यासी, सौकाको आफ्नै भाषा, संस्कृति भएकाले उनीहरूको संरक्षण गर्नुपर्ने सुझाव पनि सो कार्यक्रममा भाष संस्कृति प्राप्त भएको थियो ।

## डडेल्धुरामा सांस्कृतिक अन्तरक्रिया

डडेलधुरा । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठको संयोजकत्वमा गत ९ चैत २०७३ मा डडेल्धुराको अमरगढीमा अन्तरक्रिया आयोजना सम्पन्न भयो । प्रदेश–७ प्रादेशिक अनुसन्धान परियोजनाका लागि आयोजित सो कार्यक्रममा प्राज्ञ परिषद् सदस्य एवं सो परियोजना प्रमुख श्रेष्ठले परियोजनाबारे जानकारी गराउनुभयो ।

अन्तरक्रियामा स्रष्टाहरू भोजराज भट्टराई, कर्णबहादुर चन्द, राज मनराललगायतले बोल्नुभएको थियो । डडेल्धुराको इतिहास, भूगोल, त्यस क्षेत्रमा बसोबास गर्ने विभिन्न जातजाति, उनीहरूको भाषा संस्कृति, चाडपर्व, कला, साहित्य, धार्मिक संस्कृतिबारे कार्यक्रममा वक्ताहरूले जानकारी गराउनुभयो ।

त्यहाँको उग्रतारा घटाल बाबाको मन्दिरमा चैते दसैं र कात्तिक पूर्णिमामा लाग्ने विशु मेलामा आसपासका विभिन्न जिल्लाका बासिन्दा भेला भएर नाचगान गरिने पनि उहाँहरूले बताउनुभयो । यो मेलामा देउडा, हुड्केली, जाँत, चाँचरी, चलो जस्ता नाचहरू नाच्ने गरिन्छ । उहाँहरूका अनुसार डडेल्धुरा देउडा, होरी, फागु, गौरा जस्ता लोकभाका प्रचलनमा छन् । साहसिक खेलनृत्य पनि त्यहाँ लोकप्रिय रहेको कार्यक्रममा जानकारी गराईयो ।

## कैलालीको अत्तरियामा गोष्ठी

कैलाली । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा सञ्चालित, सङ्गीत, नाटक र नृत्यसम्बन्धी प्रादेशिक अनुसन्धान परियोजनाअन्तर्गत प्रदेश–७ को अनुसन्धान कार्यका लागि कैलालीको अत्तरियामा गोष्ठी अयोजना गरियो । ९ चैत २०७३ मा आयोजना गरिएको सो गोष्ठीमा प्रदेश–७ को अनुसन्धान संयोजक एवं यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य उदय श्रेष्ठले गोष्ठीमा परियोजनाबारे प्रकाश पार्नुभयो । गोष्ठीमा थारू संस्कृतिका अनुसन्धानकर्ता लीला बासकोटाले थारूसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । उहाँको कार्यपत्रमाथि कुमार निरौला, विनोद भट्टराई र छिनकुमारी चौधरीले टिप्पणी गर्दै विभिन्न सुझाव दिनुभयो ।

बासकोटाद्वारा प्रस्तुत कार्यपत्रअनुसार कैलालीका थारू समुदायले माघी, मजरा, बसन्त पञ्चमी, होली, आइतबारी, कृष्णअष्टमीलगायतका पर्वहरू मनाउने गर्छन् । त्यहाँका थारू समुदाले मघौटा नाच, बड्का नाच, हुरडुड्या नाच, लाठी नाच, झुम्रा नाच, सखिया नाच, झिझिया नाच, कडरिया नाच, मतिकपेड नाच, ललभुम्रिक नाच नाच्ने गरेका छन् । यस्तै लोक रामायण गाथा, बड्का नाचका लागि कृष्णलीला र महाभारतको कथा जस्ता गाथा पनि यहाँका थारू समुदायमा गाउने गरिएको सो कार्यपत्रमा उल्लेख थियो ।



# नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानमा समको चर्चा



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा नाट्यसम्राट बालकृष्ण समको योगदानलाई सम्झँदै समको ११५ औं जन्मजयन्ती मनाइएको छ ।

गत २४ माघ २०७३ मा यस प्रतिष्ठानको प्राङ्गणमा समको ११५औं जन्मजयन्ती विविध कार्यक्रम आयोजना गरेर मनाइएको हो । सो कार्यक्रममा रङ्कर्मी तथा कलाकारहरूले समको तस्बिरमा माल्यार्पण गरेर उहाँप्रति श्रद्धासुमन व्यक्त गर्नुभयो ।

प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को सभापतित्वमा सम्पन्न कार्यक्रममा अग्रज नाट्यकर्मी तथा यस प्रतिष्ठानका पूर्वउपकुलपति प्रचण्ड मल्लले आफ्ना गुरू समको जीवनीबारे चर्चा गर्नुभयो ।

आफ्ना गुरू सम बाहिरबाट हेर्दा सुखी देखिए पनि उहाँको जीवन अत्यन्त दुःखमा बितेको स्मरण पूर्वउपकुलपति मल्लले गराउनुभयो । कार्यक्रममा निकै भावुक भएर मल्लले आफ्ना गुरूका दुःखका दिनहरू सम्झिँदै भन्नुभयो, 'आफ्ना प्रिय ज्वाईंलाई पञ्चायतका पृष्ठपोषकद्वारा हत्या गरेका कारण सो पीडा खप्न नसकेर छोरीले आत्महत्या गरेपछि गुरू बालकृष्ण सम लामो समयसम्म त्यसैको शोकमा रहनुभयो । तत्कालीन पञ्चायतमा उहाँको योगदानको उचित कदर नभएपछि पक्षघातबाट थलिएर समजीको दुःखद मृत्यु भएको हो ।'

नाट्यसम्राट समको जन्मजयन्ती मनाउने क्रममा पूर्वउपकुलपति मल्लले भन्नुभयो, 'समजी लामो संघर्ष गरेर राणाकालीन अवस्थामा तत्कालीन गोर्खा भाषा प्रकाशन समितिबाट मुटुको व्यथा नाटक छाप्ने अधिकार पाएपछि श्रीमतीको कल्लीलगायतका गहना बेचेर किताब छाप्न बनारस पठाउनुभयो । तर त्यो पैसा एक साहित्यकारले खाइदिएपछि पुनः ऋण गरेर फेरि पैसा पठाई पहिलो कृति मुटुको व्यथा प्रकाशन गर्नुभएको थियो ।' तथापि त्यो सबै किताब समले सित्तैमा बाँडेको जानकारी मल्लले गराउनुभयो । कला क्षेत्रमा लागेर समले जीवनमा धेरै आर्थिक समस्या झेलेको संस्मरण पनि मल्लले सुनाउनुभयो । समको घर आफैंमा सङ्ग्रहालय भएकाले सरकारले उनको घरलाई सङ्ग्रहालय बनाउनुपर्ने सुझाव पनि उहाँले दिनुभयो ।

कार्यक्रमका सभापति एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरूभक्तले राणा परिवारमा जन्मेका कारण सम सुखी भनिएकाले उहाँप्रति आमजनताको

हेराई नकारात्मक भएको बताउनुभयो । कुलपति सरूभक्तले आउँदा वर्षबाट समको जन्मजयन्ती वृहत् रूपमा मनाउने प्रतिबद्धता जनाउनुभयो । जीवनमा आफूले धेरै दुःख भोगेकाले 'दुःखीको घरमा मात्र तेरो बास हुने भए हे ईश्वर दया राखी मलाई अझ दुःख दे' भनेर समले भन्नुभएको पनि कुलपतिले सो क्रममा प्रस्ट्याउनु भयो । बालकृष्ण सम नाट्यकर्मीसँगै दार्शनिक, चित्रकार, कलाकार, कवि, लेखकसमेत भएको उहाँको भनाइ थियो ।

प्रतिष्ठानका उपकुलपति शम्भूजीत बासकोटाले २०२८ सालमा बालकृष्ण समको निर्देशनमा 'भक्त प्रल्हाद' नाटकमा अभिनय गर्दाको अनुभव सुनाउनुभयो । समसँग काम गर्दाका क्षण स्मरण गर्दै उहाँले सम निकै सरल व्यक्ति भएको बताउनुभयो । समकै नाटकमा निर्मित चलचित्र प्रेमपिण्डमा सङ्गीत गरेको पनि उहाँले जानकारी गराउनुभयो । बहुमुखी प्रतिभाका धनी समको योगदानलाई हामीले सम्झनुपर्ने उहाँले बताउनुभयो । त्यसैले यसपटकबाट प्रतिष्ठानले समको जन्मजयन्तीमा कार्यक्रम सुरू गरेको उहाँले जानकारी गराउनु भयो । आउँदा वर्षहरूमा नाटक मञ्चनसहित विविध कार्यक्रम गरेर जन्मजयन्ती मनाउने योजना उपकुलपति बासकोटाले सुनाउनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नाट्य विभाग संयोजक एवं प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले नेपाली नाटक, साहित्य तथा कला क्षेत्रमा समको अतुलनीय योगदान रहेको बताउनुभयो । नेपाली नाटकको अहिले यति धेरै विकास हुनुको पछाडि पनि समले देखाउनु भएको नेपाली नाटकको देन रहेको झाले चर्चा गर्नुभयो । शेक्सपियर, इब्सनजस्तै समका नाटकहरूलाई पनि नयाँ ढंगले मञ्चन गर्नुपर्ने भनाइ उहाँले कार्यक्रममा राख्नु भयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, रङ्गमञ्च विभाग प्रमुख एवं परिषद् सदस्य पुष्करबहादुर गुरूङ्गले नेपाली नाटकको विकासमा समको योगदान लामो समयसम्म रहेको बताउनुभयो । उहाँले समको नाट्य विशेषताबारे व्याख्या गर्नुभयो ।

बरिष्ठ अभिनेता सरोज खनालले बालकृष्ण सम जस्ता नाट्यसम्राटको जन्मजयन्तीमा फूल चढाएर मात्र पुग्दैन भन्नुभयो । आउँदा वर्षबाट समको जन्मजयन्ती मनाउने क्रममा नाटकसमेत मञ्चन गरिनुपर्ने सुझाव खनालले दिनुभयो । आफूले समको कृति प्रेमपिण्ड चलचित्रमा नायक भएर काम गर्दाको अनुभव पनि उहाँले सुनाउनुभयो ।

मण्डला थिएटरका निर्देशक एवं नाट्यकर्मी राजन खतिवडाले बालकृष्ण समले नेपाली नाटकको मञ्चन युग सुरू गरेको जानकारी गराउनुभयो । समको लागि अग्रजसँगै नयाँ पुस्ताका रङ्कर्मीले पनि अझै धेरै काम गर्नुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रमको अन्तिममा प्रतिष्ठानका तर्फबाट कुलपति सरूभक्तले अग्रज नाट्यकर्मी मदनदास श्रेष्ठलाई सम्मान गर्नुभयो । गत २०७३ जेठमा दोलखामा सम्पन्न राष्ट्रिय नाटक महोत्सव आयोजना गर्न विशेष सहयोग गर्नुभएकोमा श्रेष्ठलाई सम्मान गरिएको उपकुलपति बासकोटाले जानकारी गराउनुभयो ।



# मैथिली नाटक सङ्ग्रहको तयारी पूरा

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानअन्तर्गत रङ्गमञ्च विभागले 'मैथिली नाटक सङ्ग्रह' प्रकाशन गर्ने भएको छ । सो सङ्ग्रहको संयोजन यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं नाटक विभाग प्रमुख रमेशरञ्जन झाले गर्नुभएको छ ।

सो पुस्तकका लागि आवश्यक मैथिली भाषाका १४ ओटा नाटकहरू संकलन गरेर सम्पादनपछि पुस्तकको तयारी पूरा गरेको प्राज्ञ परिषद् सदस्य झाले बताउनुभयो ।

छरिएर रहेका मैथिली नाटकलाई संस्थागत गर्न सङ्ग्रहमा समेटेर पुस्तकको रूपमा ल्याउन लागेको पनि प्राज्ञ परिषद् सदस्य झाले जानकारी गराउनुभयो । उहाँका अनुसार यस पुस्तकमा २००७ सालपछि हालसम्मका मिथिलाका प्रतिनिधि नाटककारद्वारा रचित नाटकहरू यो सङ्ग्रहमा रहने छन् ।

यस सङ्ग्रहमा डा.राजेन्द्र विमल, डा. रेवतीरमण लाभ, डा. धिरेश्वर झा 'धिरेन्द्र', पं. लक्ष्मण शास्त्री, प्रा. जीवनाथ झा, रामभरोष कापडी, परमेश्वर कापडी, अवधेश पोखरेल 'जनकपुरिया', महेन्द्र मलंगिया, रमेशरञ्जन झा, श्यामसुन्दर शशी, रामभजन कामत र उपेन्द्र भगत नागवंशीद्वारा लिखित १४ ओटा मैथिली नाटकहरू रहनेछन् ।



# चितवनमा क्याम्पसस्तरीय आधुनिक गायन प्रतियोगिता

नारायणगढ। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजना र नारायणी कला मन्दिरको सहकार्यमा गत २६ माघमा चितवनको नारायणगढमा 'क्याम्पसस्तरीय आधुनिक गायन प्रतियोगिता–२०७३' सम्पन्न भएको छ।

सो कार्यक्रमको सभापतित्व नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले गर्नुभएको थियो। वरिष्ठ कवि तथा गीतकार प्रेमविनोद नन्दन कार्यक्रमको प्रमुख अतिथि हुनुहुन्थ्यो। नन्दनले पानसमा बत्ती बालेर सो कार्यक्रमको उद्घाटन गर्नुभएको थियो। उद्घाटन समारोहमा नारायणी कला मन्दिरका अध्यक्ष उमेश अधिकारीले अतिथिहरूलाई स्वागत गर्दै कार्यक्रमबारे जानकारी गराउनु भएको थियो।

सो कार्यक्रमको दोस्रो चरणमा प्रतियोगीहरूबीच क्याम्पसस्तरीय आधुनिक गायन प्रतियोगिता भएको थियो। प्रतिस्पर्धाका लागि उत्कृष्ट १० मा चयन भएका प्रतियोगीहरूद्वारा कार्यक्रममा आफ्ना गीतहरू गाइएको थियो।

प्रतियोगितामा वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका एकराज रोकायाले ६० जना प्रतिस्पर्धीलाई उछिन्दै प्रथम पुरस्कार जित्नु






भएको थियो । रोकायाले प्रथम पुरस्कारस्वरूप २५ हजार रूपैयाँ नगद, प्रमाणपत्र र ट्रफी प्राप्त गर्नुभयो ।

प्रतियोगितामा चितवन क्याम्पसकी विना सेन्चुरीले द्वितीय स्थान हासिल गर्दै १५ हजार रूपैयाँ नगद, प्रमाणपत्र र ट्रफी जित्नु भयो । यस्तै बुद्ध शान्ति क्याम्पसकी सपना रैलेले तृतीय स्थान हासिल गर्दै १० हजार रूपैयाँ, प्रमाणपत्र र ट्रफी पाउनुभयो । प्रतियोगितामा अमरज्योति क्याम्पसकी सविना गौतम र सगरमाथा टेक्निकल कलेजका रामकुमार परियारले सान्त्वना स्थान हासिल गर्नुभएको थियो । दुवैलाई जनही पाँच हजार रूपैयाँ नगद र ट्रफी एवं प्रमाणपत्र प्रदान गरियो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त), उपकुलपति शम्भूजीत बासकोटा, प्राज्ञ परिषद् सदस्य एवं सङ्गीत विभाग प्रमुख उन्नति बोहरा 'शीला' लगायतले ट्रफी तथा पुरस्कार प्रदान गर्नुभयो ।

कार्यक्रममा कुलपति भक्त श्रेष्ठ (सरूभक्त)ले यस्ता प्रतियोगिताले नेपालको गीत, सङ्गीत क्षेत्रको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । प्रतियोगितामूलक यस्ता कार्यक्रमले नवोदित कलाकारहरूको प्रतिभा प्रस्फुटनमा सहयोग पुऱ्याउने उहाँको भनाइ थियो । कुलपति सरूभक्तले प्रतिष्ठानले आगामी दिनमा पनि यस्ता कार्यक्रमहरू आयोजना गर्दै जाने जानकारी दिनुभयो ।

प्रतिष्ठानका उपकुलपति बासकोटाले प्रतियोगिताको उद्देश्यमाथि प्रकाश पार्दै यस्ता कार्यक्रमको आयोजनाले मोफसलमा रहेका कलाकारहरूलाई पहिचान गराउने र नयाँ प्रतिभाको जन्म हुने बताउनुभयो । उहाँले प्रतिस्पर्धामा प्रतिभावान कलाकारहरूको सहभागिता रहेको र निरन्तर मेहनत गरेर अघिबढे सङ्गीत क्षेत्रमा यी प्रतिभाहरूको भविष्य उज्ज्वल रहने सुझाव दिनु भयो ।

कार्यक्रममा प्रमुख अतिथि गीतकार प्रेमविनोद नन्दनले यस्ता कार्यक्रमहरू आयोजनाले नवोदित कलाकारहरूको मनोबल बढ्ने र मोफसलमा रहेका कलाकारहरूको प्रतिभा उजागर हुने विचार व्यक्त गर्नुभयो ।

प्रतियोगिताकी संयोजक एवं प्राज्ञ परिषद् सदस्य उन्नती बोहरा 'शीला' ले यस्ता कार्यक्रमले सङ्गीत विधाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने धारणा व्यक्त गर्नुभयो । प्रतियोगिताबाट उत्कृष्ट प्रतिभा चयन भएको भन्दै उहाँले विजेताहरूलाई बधाई दिनु भयो ।

नारायणी कला मन्दिरका अध्यक्ष तथा स्थानीय संयोजक उमेश अधिकारीले प्रतियोगितामा चितवन जिल्लाका विभिन्न क्याम्पसमा अध्यनरत ६० जना विद्यार्थीबीच गत १९ र २० माघ २०७३ मा प्रारम्भिक चरणको प्रतिस्पर्धा भएको जानकारी गराउनुभयो । सोही प्रतिस्पर्धाबाट उत्कृष्ट १० जना चयन भई प्रतियोगीबीच अन्तिम प्रतिस्पर्धा भएको उहाँले बताउनुभयो ।

प्रतियोगितामा निर्णायक मण्डलका संयोजक एवं गायक प्रसाद श्रेष्ठले यस प्रतियोगिताले नारायणी क्षेत्रमा उदाउँदै गरेका कलाकारहरूको उत्साह बढाएको बिचार व्यक्त गर्नुभयो । गायक श्रेष्ठसँगै प्रतियोगिताका निर्णायक एवं सङ्गीत संयोजक मनोहर सुनाम, गायक विश्व नेपाली र गायिका बानिका प्रधान हुनुहुन्थ्यो ।

कार्यक्रममा गायक नेपाली र गायिका प्रधानले अतिथि कलाकारका रूपमा आफ्ना चर्चित गीतहरू प्रस्तुत गर्नुभयो । कार्यक्रमको अन्त्यमा प्रतिष्ठानका कुलपति सरूभक्तले सो प्रतियोगिताको सहयोगी नारायणी कला मन्दिरका अध्यक्ष उमेश अधिकारीसहित सबै सहयोगीलाई प्रतिष्ठानका तर्फबाट मायाको चिनो हस्तान्तरण गर्नुभएको थियो ।









# मध्यकाल र मल्लकालका नेवारी, मैथिली नाटकबारे बहस

काठमाडौं । 'अभिलेखालयमा रहेका नेपालको मध्यकालीन तथा मल्लकालीन नाटकलाई अनुसन्धान गरेर पुस्तकको रूपमा प्रकाशन र मञ्चन गरिनुपर्ने भनाइ विभिन्न नाट्य विशेषज्ञहरूको छ ।'

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले सांस्कृतिक संस्थानसँगको सहकार्यमा ५५औं विश्व रङ्गमञ्च दिवसको अवसरमा १४ चैत २०७३ मा राष्ट्रिय नाचघरमा गरेको गोष्ठी तथा नेवारी नाच प्रस्तुति कार्यक्रममा सरोकारवालाहरूले यस्तो भनाइ राख्नुभएको हो ।

मध्यकाल तथा मल्लकालका मैथिली, नेवारी र बंगाली भाषामा लेखिएका सयौं नाटकहरूको अभिलेख पाइए पनि तिनलाई अझै अनुसन्धान गर्न र प्रकाशनमा ल्याउन बाँकी रहेको अनुसन्धानकर्ता प्रा. डा. रामावतार यादवले बताउनुभयो । कार्यपत्र प्रस्तुतका क्रममा डा.यादवले मध्य र मल्लकालमा लेखिएका तीन सयभन्दा बढी मैथिली नाटक, चारओटा नेवारी भाषाको नाटक, तीनओटा प्राकृत भाषाका नाटक र त्यतिकै मात्रामा बंगाली भाषाका नाटकहरूको अभिलेख रहेको जानकारी गराउनुभयो । उहाँले यस्ता नाटकलाई प्रकाशन र मञ्चनमा ल्याइनुपर्ने सुझाव पनि दिनुभयो ।



सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वउपकुलपति एवं वरिष्ठ नाट्यकर्मी प्रचण्ड मल्लले पनि मध्यकाल र मल्लकालका नाटकहरू प्रकाशनमा ल्याइनुपर्छ भन्नुभयो । उहाँले मल्लकाल र त्यसपछिको डबलीमा नाटक मञ्चनबारे कार्यपत्र प्रस्तुत गर्नुभयो । सो कार्यपत्रमार्फत उहाँले मल्लकाल र त्यसपछिको मञ्चको अवस्था, मञ्चमा कलाकारहरूको आगमन, नाटक मञ्चनका विधि, कलाकार हरूको स्थान र प्रस्तुतिबारे जानकारी गराउनुभयो ।

कार्यक्रमका प्रमुख अतिथि एवं अग्रज संस्कृतिविद् सत्यमोहन जोशीले नेवारी भाषाको नाटक राणाकालमा चेपुवामा परेर लोप हुने अवस्थामा पुगे पनि त्यसपछि आफूहरूले यसलाई फेरि मञ्चन र प्रकाशनमा ल्याएको स्मरण गराउनुभयो । उहाँले मल्लकालमा काठमाडौं, ललितपुर र भक्तपुरमा मञ्चन भएका केही नाटकको पनि चर्चा गर्नुभयो । ती नाटकको महत्व, त्यस्ता नाटकसँगै काठमाडौं उपत्यकाका डबलीको पुनर्निर्माण र संरक्षणको आवश्यकताबारे पनि उहाँले औंल्याउनु भयो ।

कार्यपत्र प्रस्तोता संस्कृतिविद्

तेजेश्वरबाबु ग्वंगले काठमाडौं उपत्यकाका नेवारी नाचहरू संकटमा परेकोमा चिन्ता व्यक्त गर्नुभयो । उहाँले ती नाच आफूहरूको पालामा प्रस्तुत हुने गरेको र त्यसपछि नाच देखाउने क्रम रोकिएको जानकारी गराउनुभयो । यस्ता नाच एवं नाटकहरूलाई अहिलेको प्रविधिसँग जोडेर समयअनुसार मञ्चन एवं प्रदर्शनी गरिनुपर्ने सुझाव उहाँले दिनुभयो ।

कार्यक्रममा प्रा.डा. सावित्री मल्लले कक्षपति नेपाल भाषाको प्रयोग, यसले नाटक मञ्चनमा पार्ने प्रभाव, काठमाडौं र मोफसलका नेवारको भाषामा विभेद जस्ता विषय समेटिएको कार्यपत्र प्रस्तुत गर्नुभयो । उहाँले काठमाडौंका नेवारमा बाजे र बुबा पुस्ताले अझै नेवारी बोले पनि नाति पुस्ताले बोल्न छाडेकाले नयाँ पुस्ताले नेवारी भाषा बुझ्न छाडेको जानकारी गराउनुभयो । जसका कारण नेवारी भाषामा मञ्चित नाटक नेवारको नयाँ पुस्ताले हेर्न नचाहेको व्यथा उहाँले पोख्नुभयो । कार्यपत्र प्रस्तुत गर्दै मल्लले नेवारी नाटक जोगाउन अब नेपाली भाषामा बोलेर भए पनि नेवारी नाटक मञ्चन गरिनुपर्ने सुझाव दिनुभयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले यस वर्ष प्रतिष्ठानले सात ओटा प्रदेशकै नाटक, नाच, गीतसङ्गीतसम्बन्धी अनुसन्धान गर्ने काम भइरहेको जानकारी गराउनुभयो । अनुसन्धानपछि हरेक प्रदेशको छुट्टै पुस्तक प्रकाशन गर्न लागेको पनि उहाँले जानकारी गराउनुभयो । प्रदेश-३ को नाटक अनुसन्धानको क्रममा यो कार्यक्रम आयोजना गरिएको पनि कुलपति सरूभक्तले प्रकाश पार्नु भयो ।

नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं नाट्य विभाग प्रमुख रमेशरञ्जन झाले विश्व रङ्गमञ्च दिवसमा अन्तर्राष्ट्रिय थिएटर संस्था आई.टी.आईको विश्व रङ्गमञ्च दिवस २०१७को निम्ति फ्रान्सकी रङ्कर्मी एवं सिनेकर्मी इजाबेल हुपर्टले दिएको सन्देश पढेर सुनाउनु भयो । उहाँले विश्व रङ्गमञ्च दिवसको सार्थकताको लागि अन्तरक्रिया कार्यक्रम राखेको जानकारी गराउनुभयो । मध्यकाल र मल्लकालमा लेखिएका एवं मञ्चन भएका नेवारी, मैथिली, बंगाली नाटकको खोज अनुसन्धान धेरै बाँकी रहेको जनाउँदै उहाँले यसका लागि प्रशस्त बजेट आवश्यक पर्ने औंल्याउनुभयो । कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्रलाई सुझावसहित प्रकाशनमा ल्याउने उहाँले जानकारी गराउनु भयो । सांस्कृतिक संस्थानका महाप्रबन्धक राजेश थापाले नाट्य सङ्गीतको संरक्षण गर्नु संस्थानको पनि उद्देश्य भएकाले नाट्य विकास र विस्तारका लागि संयुक्त गोष्ठि आयोजना गरिएको हो भन्नुभयो । चार सय वर्षभन्दाअघिदेखि प्रचलनमा रहेका इन्द्र अप्सरा नृत्य र भष्मासुर नाच प्रस्तुत गरेर कार्यक्रममा मध्यपुर ठिमीका कलाकारहरूले दर्शकको मन जितेका थिए ।



# रङ्गमञ्चका समस्याबारे गोष्ठी

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले १५ चैत २०७३ मा काठमाडौंको जमलस्थित राष्ट्रिय नाचघरमा नाटकसम्बन्धी गोष्ठी सम्पन्न गऱ्यो ।

गोष्ठीमा नाटक निर्देशक अनुप बराल र लेखक अनुप सुवेदीले छुट्टाछुट्टै कार्यपत्र प्रस्तुत गर्नुभयो । नाट्यकर्मी तथा अभिनेता बरालले 'नेपाली नाटक र रङ्कर्म' शीर्षकको कार्यपत्र प्रस्तुत गर्दै नेपाली नाटक र रङ्कर्मको सोचेअनुसारको विकास अझै हुन नसकेको बताउनुभयो ।

उहाँले नेपाली नाटकको विकासमा सरकारी क्षेत्र उदासीन रहेको टिप्पणी गर्नुभयो । नेपाली नाटकमा आएका पछिल्ला पुस्ताले रङ्गमञ्चलाई लोकप्रिय बनाउन योगदान पुऱ्याएको जानकारी गराउँदै भन्नुभयो, 'काठमाडौं उपत्यकामा निजी क्षेत्रबाट सञ्चालित पाँचओटा नाटकघरमा यतिबेला नियमित नाटक मञ्चन हुँदै आएका छन् । सरकार उदासीन रहेको बेला अहिले नेपाली नाटकको विकासमा नीजि क्षेत्र लागिरहेका छन् ।'



सोही कार्यक्रममा कार्यपत्र लेखक अनुप सुवेदीले 'नाट्यकर्मीको चुनौती' शीर्षकको कार्यपत्र प्रस्तुत गर्दै नेपाली रङ्गमञ्चका वर्तमान समस्याबारे जानकारी गराउनुभयो। उहाँले एक समय निकै चलेको पुरानो बानेश्वरस्थित गुरूकुलको नाटकघर भत्काउनु परेको यथार्थ बताउँदै अहिले काठमाडौंमा सञ्चालनमा आएका नाटकघरहरू भाडाको घरमा रहेकाले उनीहरूको भविष्य चिन्ताजनक अवस्थामा छ, भन्नुभयो। नाटकको विकासका लागि राज्यले सुविधासम्पन्न नाटकघर बनाउनुपर्ने सुझाव उहाँले दिनुभयो। नाटकबारे अन्तर्राष्ट्रिय गोष्ठी, कार्यशाला हुनुपर्ने नाटक अध्ययनका लागि छात्रवृत्ति दिनुपर्ने जस्ता विभिन्न सुझाव पनि उहाँले दिनुभयो।

गोष्ठीका सभापति एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले काठमाडौं मात्र नभएर नाट्यकर्मीहरू मोफसलमा केन्द्रित हुनुपर्ने सुझाव दिनुभयो। दुवै कार्यपत्रले धेरै महत्वपूर्ण कुरा उठाएको हुनाले भविष्यमा यी तथ्यहरूको उपयोग नाट्य योजना निर्माण विकासमा गर्नसकिने धारणा उहाँले व्यक्त गर्नुभयो।

धरान, पोखरालगायत मोफसलका शहरहरूमा पनि नाटकघर निर्माण र नाटक मञ्चनका गतिविधिहरू भइरहेको स्मरण कुलपति सरूभक्तले गराउनुभयो। केन्द्रमा रहेका नाट्यकर्मीले उनीहरूसँग पनि हातेमालो गरेर अघि बढ्नुपर्ने सुझाव पनि दिनुभयो।

कार्यक्रममा संयोजक एवं नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङले दुवै कार्यपत्रबाट धेरै कुराहरू आएको बताउनुभयो। उहाँले नेपाली नाटकको विकासका लागि एक साथ थुप्रै नाटक घर बनाएर 'थिएटर हव' को विकास गर्ने प्रतिष्ठानको भावी सोच साथै परिकल्पना सुनाउनुभयो। त्यसका लागि काठमाडौंको सेन्टरमा जग्गा खोज्न उहाँले नाट्यकर्मीहरूलाई अनुरोध गर्नुभयो। थिएटर हबका लागि सरकारसँग माग गर्न रङ्कर्मीहरू एकीकृत भएर जानुपर्ने उहाँले आग्रह गर्नुभयो।

प्रतिष्ठानका अर्का प्राज्ञ परिषद् सदस्य रमेशरञ्जन झाले मध्यकालदेखि अहिलेसम्मको नाटकको अवस्था र त्यसबारे जानकारी दिन दुईदिने कार्यशाला आयोजना गरिएको हो, भन्नु भयो। कार्यक्रममा प्रस्तुत गरिएका कार्यपत्रमा नेपालीबाहेक अरू भाषामा मञ्चन हुने र मोफसलका नाटकका बारेमा नसमेटिएको पनि उहाँले जानकारी गराउनुभयो। कार्यशालामा प्राप्त सुझावलाई समेटेर सोहीअनुसार आउँदा दिनमा काम गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो।







लमजुङ। गत २५ र २६ फागुन २०७३ मा लमजुङको बेशीसहर दुई दिनसम्म रोधीमय भयो। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानअन्तर्गत रङ्गमञ्च विभागद्वारा आयोजित दुई दिवसीय रोधी उत्सवका कारण बेशीसहर रोधीमय भएको हो।

लमजुङ जिल्लामा रहेका गुरूङ समुदायमा प्रचलित लोकगीत, लोक सङ्गीत, नृत्य, परम्परागत, धार्मिक, सांस्कृतिक प्रस्तुति उत्सवको आकर्षण रह्यो।

२५ फागुनमा आयोजित उत्सवको उद्घाटन समारोहको सभापतित्व नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य पुष्करबहादुर गुरूङले गर्नुभएको थियो। रोधी उत्सवको उद्घाटन



# बेसीसहरमा दुईदिने रोधी उत्सव



तमु ह्युला छोंजधी गुरूङ राष्ट्रिय परिषद्का केन्द्रीय अध्यक्ष रेमश गुरूङले गर्नुभएको थियो। प्रमुख अतिथि गुरूङले गुरूङ समुदायको लोक संस्कृति, भेषभुषाबारे प्रकाश पार्नुभयो ।

प्रतिष्ठानका परिषद् सदस्य पुष्करबहादुर गुरूङले रोधी संस्कृतिबारे नयाँ पुस्तामा महत्व दर्शाउन प्रतिष्ठानले रोधी उत्सव आयोजना गरेको बताउनु भयो ।

गुरूङ कलाकारहरूले तमु ह्यालु गीत गाएर उत्सवको शुभारम्भ गरेका थिए । तमु ह्युला छोंजधी लमजुङका सचिव ठाकुरप्रसाद गुरूङले स्वागत मन्तव्य राख्नुभएको थियो ।

पूर्वमन्त्री जगतबहादुर गुरूङ, नेपाल आदिवासी जनजाति महासंघका उपाध्यक्ष इमानसिंह तामाङ, नेपाल पत्रकार महासंघ लमजुङका अध्यक्ष आश गुरूङ, फोनिज लमजुङका अध्यक्ष कृष्णबहादुर आले, कानुनविद् लमिन्द्र घलेलगायतले रोधी उत्सवबारे विचार राख्नुभएको थियो ।

रोधी उत्सबमा दुई दिनसम्म लगातार गुरूङ समुदायका विभिन्न लोकगीत, सङ्गीत, नृत्यहरू प्रस्तुत गरियो । जहाँ दीर्घराज अधिकारीको समूहले नृत्य र गायनसहित कुसुन्डा घाटु प्रस्तुत गरेको थियो । तीन घन्टासम्म चलेको कुसुन्डा घाटुले दर्शकलाई पूरा समय मन्त्रमुग्ध तुल्यायो ।

राष्ट्रिय स्तरमै ख्याति पाएका ८४ वर्षीय कलाकार भेडीगोठे साइँलाको प्रस्तुति ठाडो भाका पनि उत्सवको आकर्षण रह्यो ।

उत्सवको अर्को आकर्षण बाह्रमासे घाटु पनि थियो । १६ जना कलाकारको समूहले प्रस्तुत गरेको सति घाटुलाई पनि उत्सवमा दर्शकले त्यत्तिकै रूचाए ।

महायानी लामा नाच, बोन्बो लामा नाच, घ्याब्रे नाच, पच्यु नाच पनि कलाकारहरूले प्रस्तुत गरेका थिए ।

यस्तै, जोरिमाया, सुनी माया जस्ता गीत पनि रोधी उत्सवमा कलाकारहरूले गाएका थिए । रोधीघरको सम्फना, क्या थोवा, स्यार्गा जस्ता प्रस्तुतिले पनि उत्सवलाई रोचक बनायो ।

यस्तै, सारङ्गी नाच, झ्याउरे गीत एवं नृत्य, चुड्का/कौरा गीत एवं नाच, सोरठी गीत एवं नाच पनि उत्सवमा दर्शकले हेर्ने अवसर पाए। उत्सवमा दुई सय ७६ जना कलाकारले आफ्ना गीतसङ्गीत प्रस्तुत गरेका थिए ।

गुरूङ समुदायको गीत सङ्गीत, भाषा, भेषभूषा, संस्कृति बोकेको रोधीघरलाई प्रोत्साहित गर्न आयोजित रोधी महोत्सवले यसको महत्व अझै दर्शएको स्थानीयहरूको भनाइ थियो। यसरी गुरूङ समुदायको विविध लोक संस्कृति एकै ठाउँमा बृहत् रूपमा प्रस्तुत हुनु ऐतिहासिक कार्य भएको त्यहाँका गुरूङ समुदायले बताए । रोधी उत्सवले गुरूङ समुदायको संस्कृति संरक्षणमा जोड पुग्ने भनाइ उत्सवमा सहभागीहरूको थियो । सो प्रस्तुति अन्य समुदायहरूका लागि पनि त्यत्तिकै आकर्षक बनेको थियो ।





# वीरेन्द्रनगरमा विविध भाषाका लोकगीत सम्मेलन

सुर्खेत । सुर्खेतको वीरेन्द्रनगरमा गत ३० फागुन २०७३ मा विभिन्न भाषाभाषीका लोकगीत एकै थलोमा प्रस्तुत गरियो । लोपोन्मुख लोकगीत सङ्गीतलाई प्रोत्साहन गर्ने उद्देश्यले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, लोकसङ्गीत विभागले त्यहाँ 'भाषाभाषीहरूको लोकगीत सम्मेलन तथा सम्मान कार्यक्रम' आयोजना गरेको हो । सोही सम्मेलनमा स्थानीयले एकै थलोमा विविध भाषाका लोकगीत सुन्ने अवसर पाएका थिए ।

लोकगायक भीमबहादुर कार्कीको प्रमुख आतिथ्यमा सम्पन्न सो सम्मेलनको आयोजक नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, लोकसङ्गीत विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगर हुनुहुन्थ्यो ।

भावना पुनको स्वागत मन्तव्यपछि सुरु भएको सम्मेलनमा शेरबहादुर खड्का, पवित्रा शाही, विजयराज सिजुवाल, ललिता फडेरा, कमौ बोगटी, विमला बोगटी र बिजु राउतले देउडा र ठाडी भाका गाउँदै दर्शकलाई मन्त्रमुग्ध पार्नुभयो ।

यस्तै, दीपा बोटे, तुलसा बोटे, आइतराम बोटेले सम्मेलनमा आफ्ना बोटे भाषाका लोकगीत प्रस्तुत गर्नुभयो । यस्तै, टीकाभक्त भारतीद्वारा प्रस्तुत ख्याली भाका पनि दर्शकलाई बेजोड लाग्यो ।

सम्मेलनमा दर्शकले कुमाल भाषाको गीत पनि सुन्ने अवसर पाए । दिलराज कुमाल र चेतन कुमालले आफ्नो भाषाको लोकगीत सुनाउनु भएको थियो । हरिकला थापामगरले प्रस्तुत गरेको मगर भाषाको लोकगीतले पनि कार्यक्रमको रौनकता थपेको थियो ।

नरबहादुर थारू, सुन्तली थारू र रसिला थारूद्वारा प्रस्तुत थारू भाषाको लोकगीतले सम्मेलनमा विविधता थपेको थियो । चन्द्रा राजीले प्रस्तुत गरेको राजी भाषाको लोकगीत, तेजेन गुरूङ, घम्डल साडमु, छिरिङ खाण्डी र पञ्चाव रोकायद्वारा प्रस्तुत खम्पा भाषाको लोकगीत पनि आकर्षक थियो ।

यस्तै, सीता सुनुवार, भीमा आचार्य, मेनका आचार्य र शोभना खड्काको समूहले स्थानीय लोकभाका गाउँदा सम्मेलनमा सहभागी दर्शकहरू नाचेका थिए ।

आआफ्नो लोकगीत सङ्गीतमा लामो समयदेखि योगदान पुऱ्याएका लोकस्रष्टाहरूलाई कार्यक्रममा प्रतिष्ठानका तर्फबाट ताम्रपत्र र नगदबाट सम्मान गरियो । लोकस्रष्टाहरू आइतराम बोटे, खड्गकुमारी पुन, भीमा सुवेदी, दिनेश गौतम र तिला थापा गरंजालाई प्रमुख अतिथि कार्की र प्रतिष्ठानकी प्राज्ञ परिषद् सदस्य पवित्रा घर्तीमगरले सम्मान प्रदान गर्नुभएको थियो ।



नेपाली लोकगीतको महत्व घट्दै गएको अवस्थामा विविध भाषाको लोकगीतलाई प्रस्तुतिसँगै संरक्षणमा प्रोत्साहन गर्न विविध भाषाभाषीको लोकगीत सम्मेलन आयोजना गरिएको प्राज्ञ परिषद् सदस्य घर्तीमगरले बताउनुभयो । कार्यक्रमका प्रमुख अतिथि एवं अग्रज गायक भीमबहादुर कार्कीले यस्ता कार्यक्रमले लोकगीत संरक्षणमा मद्दत पुग्ने छ, भन्नुभयो । सो सम्मेलनमा अग्रज लोक गायक बुलु मुकारूङ, रेडियो नेपाल क्षेत्रीय प्रसारण प्रमुख इन्द्रजीत थापालगायत विभिन्न लोकस्रष्टाहरू अतिथि हुनुहुन्थ्यो ।







# खाँदबारीमा कार्यशाला एवं विविध नृत्य प्रशिक्षण

संखुवासभा। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नृत्य विभागको आयोजनामा गत ११ र १२ चैत २०७३ मा संखुवासभाको खाँदबारी बजारमा दुई दिने कार्यशाला तथा विविध प्रशिक्षण कार्यक्रम सम्पन्न भयो। ' आदिवासी जनजाति, तराई, हिमालीका नृत्यबारे कार्यशाला तथा नृत्य प्रस्तुति' कार्यक्रम गरिएको हो।

सो कार्यक्रमको उद्घाटन यस प्रतिष्ठानका नृत्य विभाग प्रमुख एवं प्राज्ञ परिषद् सदस्य माधव प्रधानले गर्नुभएको थियो। कार्यक्रम संयोजक एवं प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानले नृत्य कलाकारहरूलाई तराई भेग, पहाडी भेग र हिमाली भेगका नृत्यबारे प्रशिक्षण दिन प्रशिक्षण कार्यक्रम राखिएको बताउनुभयो। उहाँले नेपालभरिको लोकनृत्यहरू सबै भेगमा रहेका कलाकारले जानून् बुझून् र प्रस्तुति दिन सकून् भन्ने ध्येयले कार्यक्रम आयोजना गरिएको बताउनुभयो।

कार्यशालामा पहिलो दिन विभिन्न नृत्य प्रशिक्षण दिइएको थियो। कस्यस डान्स सेन्टर खाँदबारीका नृत्य निर्देशक कश्यस राईले श्याब्रु र राष्ट्रिय गीतहरूमा नाच सिकाउनुभयो। यस्तै, प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य माधव प्रधानले प्रशिक्षार्थीहरूलाई मैथिली नृत्य, भोजपुरी नृत्य, झ्याँगड नृत्य, तामाङ सेलो नृत्य, राजवंशी नृत्य पनि प्रशिक्षण दिनुभयो। उहाँले प्रोजेक्टरबाट प्रशिक्षण दिनुभएको थियो। सो प्रशिक्षणमा त्यस क्षेत्रका करिब ५० जना प्रशिक्षार्थी सहभागी थिए।

यस्तै, नृत्य निर्देशनमा कुमार अनुरागी र अरूण फिल्म्सका अध्यक्ष अर्जुन न्यौपाने पनि सो कार्यक्रममा विशेष सहयोग गर्नुभएको थियो। सो कार्यक्रमको स्थानीय व्यवस्थापनमा मधु श्रेष्ठ, करूणा श्रेष्ठ, आशा श्रेष्ठ, सुमन श्रेष्ठलगायतले गर्नुभएको थियो।

सो कार्यशाला तथा प्रशिक्षणको दोस्रो दिन संस्कृतिविद् ताराबहादुर बुढाथोकीले अरूण उपत्यकाका मेवावाङ राईको हाङसिली, शेर्पा जातिको स्याब्रु, तामाङ जातिको डम्फु सेलो र मगर जातिको मारूनी नृत्यसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभयो। उहाँले प्रस्तुत गर्नुभएको कार्यपत्रमाथि वरूण क्याम्पसका सहायक प्राध्यापक भुवन हलिदे कुमालले टिप्पणी गर्नुभएको थियो।

कार्यक्रमको समापनमा संखुवासभाका प्रमुख जिल्ला अधिकारी शिवराज जोशी प्रमुख अतिथि हुनुहुन्थ्यो। प्रशिक्षणमा सहभागी प्रशिक्षार्थीहरूलाई उहाँले प्रमाणपत्र वितरण गर्नुभयो। कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख जिल्ला अधिकारी जोशीले नेपाल तथा संगीत नाट्य प्रज्ञा प्रतिष्ठानले यस्तो कार्यक्रम गरेर सांस्कृतिक एकताका साथ, हिमाल, पहाड र तराईको एकतामा जोड दिएको छ। उहाँले अत्यन्त महत्वपूर्ण कार्यक्रम आयोजना गरेर संखुवासभा जिल्लालाई यस प्रतिष्ठानले कलामा नयाँ सिराको सुरूवात गरेको छ, भन्नुभयो। उहाँले कार्यक्रम आयोजकलाई धन्यवाद पनि दिनुभयो।

प्रशिक्षणमा सहभागी कलाकारहरूमा जिना उदास, सुस्मिता राई, सुस्मिता श्रेष्ठ, सोनिया मगर, रेखा जिसी, रोमी राई, प्रमिला राई, मेलिना घिमिरे, जिना घिमिरे, दीपा बोगटी, दुर्गा चापागाई, सरिता गुरूङ, भूमिका राई, विनिता थापा, सजिना राई, लक्ष्मी तामाङ, प्रकाश घिमिरे, आशिष राई, विमला बस्नेत, शान्ति राई, सुस्मिता घले हुनुहुन्थ्यो।

यस्तै, सुनिल गजमेर, सन्तोष राई, उमेश राई, खड्गबहादुर चापागाई, मोहन सुवेदी, सञ्जय बराइली, अनिता तामाङ, मुना गुरूङ, एलिना तामाङ, मिना तामाङ, कमला श्रेष्ठ, सरस्वती मगरलगायतका कलाकार सो प्रशिक्षणमा सहभागी हुनुहुन्थ्यो। यस्तै, सो कार्यक्रममा विभन्न संघ-संस्थाका पदाधिकारी एवं प्रतिनिधिहरूको उल्लेख्य सहभागिता थियो। प्रशिक्षण लिएका कलाकारहरूद्वारा समापन कार्यक्रममा विविध नृत्यहरू प्रस्तुत गरिएका थिए।



# भोजपुरको नौलागाउँमा नाट्य प्रशिक्षण

भोजपुर। नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको आयोजनामा भोजपुर टेम्के–मैयुँ गाउँपालिका वार्ड नं. २ छिनामखु नौलागाउँमा २० देखि २९ चैत २०७३ सम्म दस दिने नाट्य प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

प्रशिक्षणमा नौलागाउँका ३० भन्दा बढी बालबालिका तथा युवायुवतीको सहभागिता थियो। सो प्रशिक्षणलाई कलालय इटहरी, सुनसरीका निर्देशक एवं रङ्गकर्मी सोनु जयन्तीले सैद्धान्तिक अभिनय प्रशिक्षण दिनुभएको थियो ।

सो प्रशिक्षण अवधिकै बीचमा तीन दिन सङ्गीत र नृत्यको समेत प्रशिक्षण चलाइएको थियो । नृत्य निर्देशक केशवराज राईले नृत्यसम्बन्धी र वाद्यप्रबन्धक लोकराज राईले सङ्गीतसम्बन्धी प्रशिक्षण दिनुभएको थियो ।

१० दिनको प्रशिक्षणपछि २९ चैतमा एक भव्य सांस्कृतिक कार्यक्रमका साथ प्रशिक्षण कार्यक्रम समापन गरियो । सो समारोहमा नाट्य प्रशिक्षार्थीहरू ज्ञानीमाया बस्नेतको लेखन तथा निर्देशनमा नाटक 'नानीको सपना' मञ्चन गरियो। यस्तै, कविता बस्नेतको निर्देशनमा 'गाउँघरको कथा' र स्यारोना तामाङको निर्देशनमा 'आमा' नाटक पनि मञ्चन गरियो ।

प्रशिक्षार्थी कलाकारहरूले सोही कार्यक्रममा पूर्वको माया... बोलको गीतमा नृत्यसमेत प्रस्तुत गरे। प्रगतिशील कलाकार समूह छिनामखुले पनि नाटक र नृत्य पस्किएर दर्शकलाई मनोरञ्जन दिलाएको थियो ।

समापन कार्यक्रमको प्रमुख अतिथि पूर्वसंस्कृति तथा पर्यटनमन्त्री एवं सांसद कृपाशुर शेर्पा र विशेष अतिथि नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव गणेश रसिक हुनुहुन्थ्यो । पूर्वमन्त्री शेर्पाले प्रशिक्षक तथा प्रशिक्षार्थीलाई प्रशंसापत्र र प्रमाणपत्र प्रदान गर्नुभयो ।

प्रतिष्ठानका सदस्य सचिव रसिकले गाउँगाउँमा यस्ता प्रकारको प्रशिक्षणले लुकेर रहेका प्रतिभाहरूलाई आफ्नो क्षमताको विकास गर्ने अवसर प्रदान गर्नेछ, भन्नुभयो । यस्तो प्रशिक्षणलाई प्रतिष्ठानले अन्य विभिन्न स्थानमा पनि निरन्तर आयोजना गर्ने उहाँले बताउनुभयो ।

पूर्वमन्त्री शेर्पाले नेपाली कला संस्कृतिको महत्वबारे प्रकाश पार्नुभयो। प्रशिक्षण लिएका कलाकारलाई कलामा निरन्तर लाग्न उहाँले शुभकामना दिनुभयो। कार्यक्रम पुष्पाञ्जली आमा समूह, नेष्कोड साङ्चेप कोष, सप्तरङ्गी बाल सञ्जाल र श्री नौलागाउँ आदर्श प्राविको सहकार्यमा सम्पन्न भएको थियो ।



# वाणी मुक्त कमैया शिविरमा नृत्य प्रशिक्षण



कञ्चनपुर । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले शास्त्रीय तथा परम्परागत सङ्गीत विभागले सुदूरपश्चिममा अवस्थित कञ्चनपुरको वाणी मुक्त कमैया शिविरमा रहेका थारू समुदायलाई विविध थारू नृत्य प्रशिक्षण दिएको छ ।

गत २१ चैतदेखि ३० चैतसम्म १० दिन त्यहाँ नृत्य प्रशिक्षण दिइएको थियो । वाणी मुक्त कमैया शिविर (होमस्टे) र पर्यटकीय क्षेत्र भएकाले त्यहाँ आउने पाहुनालाई थारू नाचबाट स्वागत गर्न सो प्रशिक्षण दिइएको यस प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य एवं शास्त्रीय तथा परम्परागत सङ्गीत विभाग प्रमुख उदय श्रेष्ठले बताउनुभयो ।

स्थानीय थारू लोकनृत्य प्रशिक्षकबाट उहाँहरूलाई झुम्रा नृत्य, लठिया नृत्य, छोकरा नृत्य र सखिया नृत्य प्रशिक्षण गराइएको थियो । सो क्रममा १० जना महिला प्रशिक्षार्थीले सखिया नृत्य, १५ जना महिला र पुरुष प्रशिक्षार्थीले लाठी नृत्य, तीनजना महिला प्रशिक्षार्थीले झुम्रा नृत्य, १९ जना महिला पुरुष प्रशिक्षार्थीले सखिया नृत्य र सातजना पुरुष प्रशिक्षार्थीले मादल बजाउने प्रशिक्षण लिनुभएको थियो ।

समापन समारोहको प्रमुख अतिथि समाजसेवी मायाराम चौधरी हुनुहुन्थ्यो । प्राज्ञ परिषद् सदस्य एवं समापन समारोहका सभापति उदय श्रेष्ठले लोपोन्मुख अवस्थामा रहेका यस्ता लोकनृत्यको जगेर्ना गर्नु हाम्रो दायित्व भएकाले नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले यो नृत्य प्रशिक्षण आयोजना गरेको बताउनुभयो । प्रशिक्षक एवं प्रशिक्षार्थीलाई उहाँले कार्यक्रममा प्रमाणपत्र प्रदान गर्नुभयो ।



प्रशिक्षार्थी कलाकारहरूद्वारा प्रशिक्षणमा सिकेका सहित अन्य थारू नाच सो प्रशिक्षणको समापन समारोहमा ३० चैतमा प्रस्तुत गरियो । सो समापन समारोहमा वीरबहादुर बुढाथोकी, बसन्ती राना थारू, गोविन्द्रप्रसाद कलौनी, मोहन रावल, बसन्ती चौधरी, ठाकुरप्रसाद चौधरी, धरमवीर चौधरी, बहादुर चौधरी, अमरजंग शाहीलगायत अतिथि हुनुहुन्थ्यो ।

# प्राज्ञ निरौलाद्वारा एकल साँझ प्रस्तुत

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य एवं वरिष्ठ गायक कोमल निरौलाले काठमाडौंमा आफ्नो एकल गायन साँझ प्रस्तुत गर्नुभयो ।



नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले गत ५ चैत २०७३ मा काठमाडौंमा प्राज्ञ निरौलाको एकल साँझको उद्घाटन गर्नुभएको थियो । उहाँको सङ्गीत योगदानबारे कुलपति सरूभक्तले चर्चा गर्नुभएको थियो ।

यस्तै, यस प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले पनि प्राज्ञ निरौलाको गायनबारे प्रकाश पार्दै कार्यक्रम सफलताको कामना गर्नुभयो । सदस्य सचिव गणेश रसिक, अग्रज गायक दीप श्रेष्ठले पनि उहाँलाई शुभकामना दिनुभएको थियो ।

सरस्वती बन्दनाबाट सुरु भएको कार्यक्रममा प्राज्ञ निरौलाले डेढ घन्टाको बसाईमा आफ्ना चर्चित गीतहरू सुनाउनुभयो । उहाँले अखण्ड शक्ति हौं युवा..., अञ्जलीका गुराँस थुँगा..., जीवनदेखि धेरै धेरै नै थाकेर..., नआऊ जुन कोठामा राति..., हे फूल चुँडेर लाने हो..., प्रिय तिम्रो मुहारमा..., म हिमाल उठाइदिन्छु... मर्न बरू गाह्रो हुन्न..., पर लैजाउ फूलहरू..., मेरो पनि एउटै मुटु..., पहाडको उकालीलाई मैले माया गरे...सहित डेढ दर्जन गीत गाउनुभयो । कार्यक्रममा कुलपति सरूभक्त र पूर्वसभामुख सुवासचन्द्र नेम्वाङले प्राज्ञ कोमल निरौलाकी छोरी गायिका झुमा निरौलाको पहिलो गीतिसंग्रह 'सरगमश्री' को संयुक्त रूपमा विमोचन गर्नुभयो ।



# १० औं प्रज्ञा सभा सम्पन्न

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको १० औं प्रज्ञा सभा गत २० वैशाख २०७४ मा काठमाडौंमा सम्पन्न भएको छ । प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) को अध्यक्षतामा सभा सम्पन्न भएको हो । सभामा प्रतिष्ठानका उपकुलपति शम्भूजीत बासकोटा, सदस्यसचिव गणेश रसिक, प्राज्ञ परिषद् सदस्यहरू रमेशरञ्जन झा, माधव प्रधान, उदय श्रेष्ठ, उन्नती बोहरा 'शीला', पुष्करबहादुर गुरूङ र पवित्रा घर्तीमगर सहभागी हुनुहुन्थ्यो ।

सो सभामा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव तथा यस प्रतिष्ठानका प्राज्ञ परिषद् पदेन सदस्य शंकरप्रसाद घिमिरे हुनुहुन्थ्यो । यस्तै, प्राज्ञ सभाका तर्फबाट सभासद्हरू अशोक राई, आशाकाजी श्रेष्ठ, कोमल निरौला, कृष्णभक्त महर्जन, कृष्णसुधा ढुंगाना, खेमराज नेपाली, नारायणीदेवी प्रधान, प्रकाश घिमिरे, भोजराज भट्ट, रामकुमार धामी, बृजकिशोर सहनी र सानु पहाडी सहभागी हुनुहुन्थ्यो ।

प्रतिष्ठानका सदस्यसचिव गणेश रसिकले २०७४/०७५ को वार्षिक कार्यक्रम पेस गर्नुभयो । सदस्यसचिवद्वारा पेस गरिएको आर्थिक वर्ष २०७४/०७५ वार्षिक कार्यक्रम सो सभाले पारित गरेको छ । यस्तै, सभामा पेस गरिएको कलाकार/स्रष्टा परिचय पत्र वितरणसम्बन्धी कार्यविधि-२०७४ पनि सभाले अनुमोदन गरेको छ । सभामा सदस्यहरूले विभिन्न सुझाव प्रस्तुत गर्नुभएको थियो ।

प्रतिष्ठानका कुलपति सरूभक्तले कलाकार/स्रष्टा परिचय पत्र वितरणसम्बन्धी कार्यविधि-२०७४ अनुसार नेपाली सङ्गीत, गायन, रङ्गमञ्च, नृत्य, वादवाद्यनमा लामो समयदेखि क्रियाशील अग्रज कलाकारहरूलाई नेपाल सरकारका तर्फबाट नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानद्वारा आधिकारिक परिचयपत्र दिइने बताउनुभयो । यस्तै, स्रष्टाहरूको उपचारका लागि कोष खडा गर्ने निर्णय सो सभाबाट पारित भएको कुलपति सरूभक्तले प्रकाश पार्नुभयो । सो कोषमा प्रतिष्ठानका पदाधिकारी एवं कर्मचारीका तर्फबाट केही रकम राखिएको र बाँकी रकम राख्न सरकारलाई अनुरोध गरिएको पनि उहाँले जानकारी गराउनुभयो । प्रतिष्ठानका उपकुलपति शम्भुजीत बासकोटाले प्रतिष्ठानका आजीवन सदस्यहरूको सुनिश्चित भविष्यका लागि कोष खडा गर्ने निर्णय गरेको बताउनुभयो । अग्रज सङ्गीत, नृत्य एवं नाट्यकर्मीलाई सरकारका तर्फबाट यस प्रतिष्ठानद्वारा प्रदान गरिने परिचयपत्रबाट सम्बन्धित स्रष्टाले विभिन्न सुविधा पाउनुहुने पनि उहाँले जानकारी गराउनुभयो ।

सभाका पदेन सदस्य संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव शंकरप्रसाद घिमिरेले अरू प्रतिष्ठान तथा संस्थाहरूको तुलनामा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको काम प्रशंसनीय भएको बताउनुभयो । उहाँले यस प्रतिष्ठानका लागि थप काम गर्न स्रोतसाधन जुटाउन मन्त्रालयबाट आफूले पहल गर्ने वचन दिनुभयो ।



## प्रेमध्वजलाई कुलपतिद्वारा सम्मान



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले अग्रज गायक प्रेमध्वज प्रधानलाई सम्मान गर्नुभएको छ । प्रजातन्त्र दिवसको अवसरमा गत ७ फागुन २०७३ मा काठमाडौंको जया मल्टिपल कलेजका तर्फबाट कुलपति सरूभक्तले गायक प्रधानलाई नेपाली सङ्गीत क्षेत्रमा अतुलनीय योगदान पुऱ्याएको भन्दै सम्मान प्रदान गर्नुभएको हो ।

सो अवसरमा कुलपति सरूभक्तले भन्नुभयो, 'कलाकारले सधैं राष्ट्रियतालाई शिखरमा राखेर काम गरिरहेको हुन्छ । विभिन्न विकृतिलाई उनीहरूले आफ्नो रचनामार्फत प्रहार गरिहेका हुन्छन् ।' यस हिसाबले मुलुक रूपान्तरण गर्न कलाकारहरूको भूमिका महत्वपूर्ण हुने बताउँदै उहाँले प्रधानको सांगीतिक योगदानको चर्चा गर्नुभयो ।

पुराना पुस्ताका स्रष्टालाई सम्मान गर्दै उनीहरूको योगदानबारे नयाँ पुस्तालाई जानकारी गराउने उद्देश्यले सम्मान कार्यक्रम आयोजना गरिएको कलेजका प्राचार्य भवानी पौडेलले बताए । सम्मानित अग्रज गायक प्रधानले धन्यवाद ज्ञापन गर्दै सम्मान कार्यको प्रशंसा गर्नुभयो ।

सो कार्यक्रममा अग्रज सङ्गीतकार प्रकाश गुरूङ्, गायक रामकृष्ण ढकाल, रामकृष्ण दुवाल, गीतकार बुद्धवीर लामासहित विभिन्न कलाकारले प्रेमध्वज प्रधानको साङ्गीतिक योगदानबारे आफ्ना भनाइ राख्नुभयो । गायक बच्चु कैलाशका एक दर्जन सदावहार गीत कलेजका विद्यार्थीहरूले सो कार्यक्रममा गाएर सुनाएका थिए ।

## कुलपतिद्वारा खरेल र थापालाई सम्मान प्रदान

काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले वरिष्ठ गीतकारद्वय यादव खरेल र रत्नशमशेर थापालाई सम्मान प्रदान गर्नुभएको छ ।

लीलाध्वज थापा साहित्य प्रतिष्ठानद्वारा आयोजित स्रष्टा सम्मान तथा रचना वाचन कार्यक्रममा कुलपति सरूभक्तले आयोजक संस्थाका तर्फबाट गीतकार खरेल र थापालाई सो सम्मान प्रदान गर्नुभएको हो । गीत लेखनमा उहाँहरूले पुऱ्याउनुभएको योगदानको कदरस्वरूप सम्मान गरिएको साहित्य प्रतिष्ठानका तर्फबाट आयोजक विजय थापाले जानकारी गराउनुभयो । सम्मानपछि कविता बाचन कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा डा.सत्य थपलिया, प्रदीप घिमिरे, रीता खतिवडा, लक्ष्मीप्रसाद मिश्र, राजेन्द्र ओभा, पुष्पा लोहनी, मुकुन्द न्यौपाने, रेहान खान, रोशन कोइराला, गंगा पौडेल, मेदिनीकुमार केवल, उमेश पाण्डे, गोविन्द गिरी, रामेश्वर राउत मातृदासी, सानी शर्मालगायतले आफ्ना कविता बाचन गर्नुभएको थियो ।

# कुलपति सरुभक्तद्वारा उपन्यास विमोचन



काठमाडौं । नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति भक्त श्रेष्ठ (सरूभक्त) ले नाट्यकर्मी टंक चौलागाईको तेस्रो उपन्यास 'टालाटुली' विमोचन गर्नुभएको छ । गत १४ चैत २०७३मा काठमाडौंको वत्तिसपुलतीस्थित शिल्पी थिएटरमा कुलपति सरूभक्तसहित नाट्यकर्मी हरिहर शर्मा, सुनिल पोखरेल, अनुप बराल र साहित्यकार कुमारी लामाले सो औपन्यासिक कृतिको संयुक्त विमोचन गर्नुभएको हो ।

कार्यक्रममा कुलपति सरूभक्तले नाटकमा आफ्नो फरक परिचय बनाउनुभएका चौलागाईले उपन्यास लेखनमा पनि आफूलाई स्थापित गर्दै जानुभएको धारणा व्यक्त गर्नुभयो । चौलागाईंले रङ्कर्मीको चरित्रलाई नाटकीय शैलीमा यथार्थ पात्रका भावना बुझेर यो उपन्यास लेखेको उहाँको भनाइ थियो ।

कार्यक्रममा नाट्यकर्मी हरिहर शर्मा, सुनिल पोखरेल, अनुप बराल र साहित्यकार कुमारी लामाले पनि चौलागाईंको उपन्यासबारे चर्चा गर्नुभएको थियो । उपन्यासकार टंक चौलागाईले यसअघि आफूले लेखेको जिरो कटेज र काठमाडौं गीतलाई पाठकले मन पराएपछि तेस्रो उपन्यास टालाटुली बजारमा ल्याएको जानकारी गराउनुभयो ।





२०७३ माघ/०७४ वैशाख

**प्राज्ञिक संसार** Academia
सङ्गीत-नाट्य बुलेटिन
Music-Drama Bulletin

**प्रकाशक**
नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान,
भाटभटेनी, बालुवाटार, काठमाडौं
पोष्ट बक्स नं - ११७३०
फोन नं. : ४४२८४०४/४४२८४०५,
फ्याक्स नं. : ४४२८४०७
Email : info@namuda.org.np
website : www.namuda.org.np

**प्रधान सम्पादक** :
गणेश रसिक
**कार्यकारी सम्पादक** :
डब्बु क्षत्री
**तस्बिर** :
नरेन्द्र खड्का
**साजसज्जा** :
विश्व सापकोटा
(विलक्षण क्रियसन)

**सल्लाहकार**
भक्त श्रेष्ठ (सरुभक्त)
शम्भूजीत बासकोटा

**सम्पादक मण्डल**
उदय श्रेष्ठ
उन्नती बोहरा 'शीला'
पवित्रा घर्तीमगर
पुष्करबहादुर गुरूङ
माधव प्रधान
रमेशरञ्जन झा